Vol. 2, Issue 21, July-August, 2015

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष २, पूर्णाङ्क २१, साउन २०७२, मूल्य रू ३०।-



साउनको शृङ्गार

नेपालमा काम अमेरिकामा दाम

चिनियाँ युवतीको नेपाली प्रेम

## सदाबहार सुन्दरता






**TISSOT LADY POWERMATIC 80.** AUTOMATIC MOVEMENT AND A MOTHER-OF-PEARL DIAL. 80 HOURS OF POWER RESERVE. **INNOVATORS BY TRADITION.**

TISSOT.CH

SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg

TISSOT
LEGENDARY SWISS WATCHES SINCE 1853

Branches:
Bluebird Mall, Tripureshwor
Bhatbhateni Super Market, Bhatbhateni


Our Pride...
NEPAL'S #1
Khukri
XXX Rum
Khukri
Rum
Nepal's Finest Rum Since 1959
खुकुरि XXX रम
Khukri
XXX Rum
An exellent and smooth rum
fully matured in oak vats
PRODUCE OF NEPAL
Distilled, Blended & Bottled By
THE NEPAL DISTILLERIES PVT. LTD.
KATHMANDU, NEPAL
www.khukrirum.com
Since
1959
The Nepal Distilleries (P) Ltd.

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

Vol. 2, Issue 21, July-August, 2015

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष २, पूर्णाङ्क २१, साउन २०७२

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : कविन्द्रमान शाक्य

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
कविन्द्रमान शाक्य
आशाकाजी महर्जन

**ग्राफिक/लेआउट**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
फोछें, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
एक्टिभ प्रिन्टिङ प्रेस
गल्कोपाखा, काठमाडौं

**प्रकाशक**
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१

## १० नेपालमा नाम अमेरिकामा दाम



अमेरिका जानेको लर्कोले नेपाली चलचित्र उद्योगमा राम्रा कलाकारको कमी हुन थालेको छ । फर्केकाहरूले त्यो अभावलाई पूर्ति गर्ने कोसिस भए पनि भनेजस्तो भइरहेको भने छैन ।

## बोटानिकल बाबा २०

असी वर्ष कटिसकेका कट ब्याडर किताब वा इन्टरनेट पढ्न सक्दैनन् । तर उनको भित्री ज्योतिको चमकले हरेक वनस्पति छामेर वा सुँघेर इतिश्री पढ्न/बताउन सक्छन् । अझ उनको दिमागमा भएको वनस्पतीय विश्वविद्यालयको त उनी सच्चा अध्येता हुन् । कृषिका हर कुराको उनी क्षणभरमै आधिकारिक जानकारी दिन सक्छन् ।






## २२ पर्यटन प्रवर्द्धनमा अर्जुनदृष्टि

अधिकारी ठूलै पर्यटन व्यवसायी भए पनि आफूकोमा आउने विदेशी पाहुनाहरूको लागि आफ्नै हातले भात-भान्छा तयार पार्ने उनको बेग्लै कला रहेको छ । हिमालय ड्रीम हाउस पुगेपछि प्रायः समय नै उनको किचेनमा बित्ने गरेको छ ।

## धित नमर्ने घुमाइ २९

जहाँ भए पनि यो मन त नेपाली हो भनेझैं नेपाली रेष्टुरेण्टहरूमा भेटिएका नेपाली कलाकारहरूका उत्कृष्ट कला प्रस्तुति र नेपाली लयको बाँसुरी धुनले दश दिन जापान रहँदा पनि हामीलाई नेपालको सम्झना गराइरह्यो । शिष्ट शैली, असल व्यवहार र सदा झुकेर गरिने जापानिज संस्कारको बयान म यहाँ शब्दमा गर्न सक्दिनँ ।





## ४० ओरालोमा संगीत बजार

पहिला गीत गाएर तथा एल्बम बिक्री गरेरै मालामाल बनेका धेरै कलाकार यतिखेर एल्बमको बिक्रीमा आएको ह्रासबाट अलमलिएका छन् । निराश बनेका छन् । मूनलाइट म्युजिक कम्पनी, सम्झना अडियो, बागिना रेकर्डस् लगायतका धेरै कम्पनीका मालिकहरु विदेश पलायन भए ।

Registration number **DAO KTM 216/070/71** | **Hot Nepal**, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**



# फर्किनेलाई सम्मान

भनिन्छ कलाकारको जिन्दगी साबुनको फोका जस्तै हो । ज्यानमा लाली तथा अभिनयमा जोश हुन्जेल कलाकारको जिन्दगीले साथ दिन्छ, त्यसपछि आफ्नो जमानामा जस्तोसुकै काम गरेको भए पनि गुमनाम हुन्छन् । नेपालजस्तो देशमा कलाकारिताले नाम कमाइने भए पनि दाम कमाउन नसक्ने पीडा यथावत रहेको छ । यही पीडाले गर्दा नेपालका ख्यातिप्राप्त कलाकार पनि अमेरिका लगायतका मुलुकमा दाम कमाउनकै लागि पलायन भइरहेका छन् । यो क्रम पछिल्लो समयमा घट्नुको सट्टा बढिरहेको छ । कतिपय कलाकारले विदेश गएर राम्रै कमाइ गरेको पाइएको छ । केही कलाकार विकसित देशमा स्थायी रूपमै बस्ने र त्यहाँको नागरिक बन्ने गरेको पनि पाइएको छ । यसो भए पनि विदेशको दोस्रो दर्जाको नागरिक भएर बस्ने इच्छा नभएर केही वर्षमै स्वदेश फर्किने कलाकार पनि छन् । रहरले भन्दा बाध्यताले त्यसरी दोस्रो दर्जाको नागरिक बनेर बसे पनि अन्तत्वगत्वा नेपाल नै प्यारो भन्ने कलाकारको जमात पनि सानो छैन । त्यो जमातमा वरिष्ठ कलाकारहरु करिश्मा मानन्धर, सरोज खनाल, गौरी मल्ल, रमेश उप्रेती लगायत छन् । यी कलाकारले अमेरिका लगायतका मुलुकमा राम्रै प्रतिष्ठा सहित त्यहाँको ग्रीनकार्ड पाएर कमाइ गरेर बसे तापनि आखिरमा उनीहरूलाई नेपाल नै प्यारो बनेको छ । नेपालमा मर्न होइन, नेपालमा काम गर्न नै फर्केको प्रतिक्रिया उनीहरूले दिने गरेका छन् ।

फर्कनेको जमातसँगै जानेको पनि लर्कोमा कमी आएको भने छैन । सन्तान र आफ्नो भविष्यका लागि भन्दै दिलीप रायमाझी, केकी अधिकारी लगायत कलाकार अमेरिका जाने तर्खरमा छन् । ऋचा घिमिरे, रन्जना शर्मा, अरूणिमा लम्साल, उषा पौडेलहरु यसअघि नै भविष्य बनाउन भनेर अमेरिका गएर उतै बसोवास गरिरहेका छन् । कतिपय यस्ता साहित्यकार तथा कलाकार पनि छन्, जसलाई जतिसुकै सुविधा पाए पनि मातृभूमि नै प्यारो छ । अमेरिकाको ग्रीनकार्ड पाएर पनि नेपालको प्रतिष्ठित नोबल कलेज तथा नोबल अस्पतालका डाइरेक्टर एवं कवि उत्तम भौकाजीलाई अमेरिकाले आकर्षण गर्न सकेन । ग्रीनकार्ड होल्डर भएकोले वर्षको एकपल्ट घुम्ने हिसाबले अमेरिका गएर आउने गरेका छन् । उनीजस्ता थुप्रै ग्रीनकार्ड होल्डरहरु नेपालमा विभिन्न पेसा व्यवसाय गरेर बसेका छन् । अहिलेको विश्वलाई 'ग्लोबल भिलेज' भन्ने गरिएको छ । राजनीतिक रूपले देशको सीमा कोरिए पनि संचार र सांस्कृतिक रूपले मानिस एउटै गाउँको वासिन्दा जस्तो अनुभव गरिरहेको छ । त्यसैले कुन देशमा बस्ने र कहाँ गएर पेसा-व्यवसाय गर्ने भन्ने व्यक्तिको नितान्त निजी विषय हो । त्यसैले कसैलाई यसै गर भनेर दबाब दिने अवस्था अहिलेको समयमा हुँदैन । यद्यपि सरकारी कर्मचारीले भने विदेशको डिभी तथा पीआर लिन नपाउने नियम सरकारले लागू गरेकोले सरकारी कर्मचारीका लागि स्वदेशको जागिर वा विदेशको बसाइमध्ये एउटा रोज्नुपर्ने भएको छ । देशप्रतिको जिम्मेवारी र अनुशासनका लागि सरकारले लिएको यो नीति सराहनीय रहेको छ । अन्यको हकमा कहाँ बस्ने र रोजगारी गर्ने भन्ने विषयलाई स्वतन्त्र छाडिदिनु पर्छ ।

काम गर्नका लागि विदेश कोही पनि रहरले जाँदैन । मजबुरी तथा बाध्यताले जाने गर्दछन् । पछिल्लो समय मजबुरीले विदेशिनेको संख्या वृद्धि भइरहेको छ । एसएलसी तथा प्लस टु सकिनासाथ अध्ययनको नाममा बर्सेनि विदेशिने लाखौं विद्यार्थीका कारण नेपालका कतिपय कलेजहरूमा विद्यार्थी चाप न्यून हुन थालेको छ । यसो हुनुमा नेपालमा रोजगारीको अवसर क्रमिक रूपमा घट्दै जानु र भएमा पनि पहुँचवालाहरूकै बोलवाला भएकोले हो भन्दा अत्युक्ति हुने छैन । शिक्षा र रोजगारीका सम्बन्धमा सरकारी नीति राम्रो नभएसम्म ऊर्जाशील जनशक्ति विदेश पलायन हुन नरोकिने निश्चित छ । मुलुकको ऊर्जाशील जनशक्ति विदेश पलायन भएकै कारण मुलुकमा विनाशकारी भूकम्पयता निर्माण तथा पुनर्निर्माणको काममा जनशक्तिको अत्यन्त अभाव देखिएको छ । समयमा निर्माण कार्य सम्पन्न गर्न नसकेर कतिपय संरचना तथा सम्पदाहरु थला परिरहेको अवस्था छ । विदेशको रहरलाग्दो रोजगारीमा जानेहरु निश्चित समयको कामपछि स्वदेश नै फर्केर त्यहाँ सिकेको र कमाएको स्वदेशमा नै लगानी गर्न आउने छन् । विदेशमा कमाएको पुँजी र सीप लिएर आएका त्यस्ता नागरिकबाट राष्ट्र निर्माणमा ठूलो योगदान पुग्नेछ । त्यसैले यतातिर सरकारी नीति परिलक्षित हुनुपर्छ । केही वर्ष विदेश बसेर फर्केका कलाकार हुन् अथवा अन्य कुनै पनि क्षेत्रका व्यक्ति, उनीहरूलाई स्वदेशमा बस्नेले आलोचना हैन सम्मान गर्नुपर्छ ।



**व्याकुल पाठक**
**प्रधान सम्पादक**

काम गर्नका लागि विदेश कोही पनि रहरले जाँदैन । मजबुरी तथा बाध्यताले जाने गर्दछन् । पछिल्लो समय मजबुरीले विदेशिनेको संख्या वृद्धि भइरहेको छ । एसएलसी तथा प्लस टु सकिनासाथ अध्ययनको नाममा बर्सेनि विदेशिने लाखौं विद्यार्थीका कारण नेपालका कतिपय कलेजहरूमा विद्यार्थी चाप न्यून हुन थालेको छ । यसो हुनुमा नेपालमा रोजगारीको अवसर क्रमिक रुपमा घट्दै जानु र भएमा पनि पहुँचवालाहरूकै बोलवाला भएकोले हो भन्दा अत्युक्ति हुने छैन ।

## नरिवल पानी खान मन लाग्यो

प्रचण्ड गर्मीले गर्दा विभिन्न रोगको संक्रमण पनि बढेको पाइएको छ । बासी लगायतका खानेकुरा खाँदा चाँडै नै संक्रमण हुने गरेको छ । धेरैभन्दा धेरै सफा अनि स्वच्छ पानी खाने बानी बसाल्नु आवश्यक छ । गर्मीमा प्रायः पानीमा रमाउनेको प्रतिस्पर्धा नै हुने गरेको छ । पानीमा रमाउन व्यवस्था भएको विभिन्न स्वीमिङ पुलहरूमा मानिसको भीड नै लाग्ने गरेको छ । गर्मीबाट छुटकारा पाउनको लागि स्वीमिङ पुलमा रम्नेहरूको ग्ल्यामरका बारेमा जस्ताको तस्तै प्रस्तुत गर्ने कार्य हट नेपालको जेठ महिनाको अंक २० बाट भएको छ । गर्मीको ग्ल्यामर मन पर्‍यो । यसपालिको कभर पनि अलि भिन्दै लाग्यो । मोडलले नरिवल पानी खाँदै गरेको दृश्यले नौलोपन दिएको छ । भारतको गोवामा जाँदा मात्र त्यसरी नरिवल पानी खाने मौका पाएको थिएँ । नेपालमा पनि नरिवल पानी खान पाइन्छ भन्ने कुरा मलाई थाहा भएन । नेपालमा नरिवल पानी यो गर्मीमा खान पाएमा मज्जा बेग्लै हुनेछ ।

– रमेश तिवारी, नरदेवी, काठमाडौं

## भेज रेष्टुरेन्टको खोजी पूरा भयो

मानवीय रोजाइ तथा रूचिको विषयमा खाना महत्वपूर्ण मानिन्छ । खानाकै कारण विभिन्न रोगको शिकार बन्ने भएकोले खानामा स्वच्छ तथा शुद्धीकरणमा जोड दिइन थालेको छ । ननभेज खानाले विभिन्न रोगको वृद्धि गर्ने भएयता धेरैको रोजाइ भेज खानातिर हुन थालेको छ । भेज अर्थात शुद्ध शाकाहारी खानाको रेष्टुरेन्ट पहिला पाउन कठिन थियो भने हाल आएर विशुद्ध भेज रेष्टुरेन्ट माथिल्लो लेबलमा नै संचालन भएको छ । काठमाडौंको दरबारमार्गस्थित प्रसिद्ध मोतिमहल रेष्टुरेन्ट विगत एक वर्षयता पूर्णतया भेज रेष्टुरेन्ट बनेको खबर मैले हट नेपालको अंक २० पढेर नै थाहा पाएँ । मोतिमहल पहिला गजल रेष्टुरेन्टको रूपमा मात्र थाहा पाएकी थिएँ । हाल आएर भेज रेष्टुरेन्ट बनेको कुराले यस रेष्टुरेन्टले आफूलाई स्पेशलाइज गरेको प्रतित भएको छ । म आफू पनि भेज भएकोले शुद्ध भेज रेष्टुरेन्टको खोजी गरिरहेको बेलामा मलाई हट नेपालले सहज बनाइदिएको छ । यसको लागि हट नेपाल टीमलाई धन्यवाद दिन चाहन्छु ।

– सुशीला बस्नेत, मध्यबानेश्वर, काठमाडौं

## राजकुमार राईको नियुक्तिको यथार्थ

नेपाल चलचित्र विकास वोर्डमा विगत पाँच महिनादेखि रिक्त अध्यक्ष पदमा नयाँ नियुक्ति भएको छ । नेपाली कांग्रेस पक्षधर चलचित्र निर्माता राजकुमार राई उक्त पदमा नियुक्त बनेका छन् । नेपाल चलचित्र निर्माता संघको बहालवाला अध्यक्ष समेत रहेका राईको नियुक्तिलाई नेपाली चलचित्र उद्योगका चलचित्रकर्मीहरूले राम्रो कदम भनेर स्वागत गरेको पाइएको छ । सरकारी निकायहरूमा विशेष गरेर राजनीतिक नियुक्ति हुने भएकोले यो नियुक्तिलाई पनि स्वच्छ नियुक्ति




मानिएको छैन । नेपाली कांग्रेसमा अप्रत्यक्ष रूपमा प्रभाव जमाउँदै आएका पुराना एक्सन नायक शिव श्रेष्ठको पनि चलचित्र विकास बोर्डमा दाबी रहँदै आएको थियो । पछि विभिन्न कारण देखाएर नायक श्रेष्ठले चलचित्र निर्माता राईका लागि उक्त पद छाडिदिएपछि मार्ग सहज बनेको रहेछ । यस कुरालाई अझ गहनतापूर्वक हट नेपालको जेठ महिनाको अंक २० ले गरेको छ । निर्माता राजकुमार राई बोर्डको लागि उपयुक्त व्यक्तित्व हुन् । राजनीतिक नियुक्ति भए पनि चलचित्र क्षेत्रको हक-हितको लागि बोर्डका नवनियुक्त राईलाई सफलता मिल्ने मैले अपेक्षा गरेको छु ।

– प्रमिला रिजाल, तम्घास, गुल्मी

## करिश्मा र गौरीको तीसवर्षे यात्रा

नेपाली चलचित्रमा अभिनय गर्ने नायिकाहरूको अभिनय आयु खासै हुँदैन। भएमा बढीमा दश वर्ष या बढीमा पन्ध्र वर्ष भनिरहेको अवस्थामा दुई नायिका गौरी मल्ल र करिश्मा मानन्धरको अभिनय यात्राले हेर्दाहेर्दै यो वर्षबाट तीस वर्ष पूरा गरेको छ । २०४२ सालमा निर्माण भएको व्यावसायिका चलचित्र 'सन्तान'बाट नेपाली रजतपटमा एकसाथ आएका गौरी र करिश्मा यतिखेर करिश्माले निर्माण गरेको चलचित्र 'फागु'मा एकसाथ देखा पर्न लागेका जानकारी मैले हट नेपालबाट पाएँ । दुवैको नेपाली चलचित्रमा बेग्लै गरिमा र महत्व देखिएको छ । गौरीलाई अभिनयको रानी तथा करिश्मालाई ग्ल्यामरको खानीको रूपमा इंगित गर्ने गरेको पाइन्छ । यी दुई नायिकाको अभिनयलाई दाँजेर तयार पारेको आलेख हट नेपालको अंक २० मा पढ्न पाउँदा मज्जा लाग्यो । यी दुई नायिका मलाई मनपर्ने कलाकारमा पर्छन् । मनपर्ने कलाकारका बारेमा पढ्न पाउँदा रमाइलो अनुभव हुने गर्दछ ।

– करिम खान, भुटनदेवी रोड, हेटौंडा

सम्पर्क hotdreamnepal@gmail.com www.facebook.com/hotnepalmagazine @HotNepalMag

## उप्रेतीको 'काबेली किनार' लोकार्पित



कवि रामप्रसाद उप्रेतीको कवितासङ्ग्रह 'काबेली किनार'को नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तको प्रमुख आतिथ्य तथा नेपाली कला साहित्य डट कमका अध्यक्ष मोमिलाको अध्यक्षतामा लोकार्पण भएको छ । नेपाली कलासाहित्य डटकमद्वारा प्रकाशित उक्त कृति सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्त र बृहत् शान्तिधाम नेपालका प्रमुख स्वामी श्री चतुर्भुजाचार्य चूडामणिजी महाराजसहित उमन्स एन्ड चिल्ड्रेन सर्भिस सेन्टरमा आश्रय लिइरहेका दस जना बालबालिकाले लोकार्पण गरेका छन् । मेडिकललाई आफ्नो कार्यक्षेत्र बनाए पनि मातृभूमिको असीम माया छातीमा गाँसेर विभिन्न तीर्थ र देशमा पुग्नुभएका प्रा. डा. रामप्रसाद उप्रेतीले देशप्रेमलाईको सन्देश लिएर काबेली किनारको सृजना गरेका हुन् । नेपाली तथा अङ्ग्रेजी दुवै भाषामा सृजित यस कृतिको प्रकाशन सौजन्य सुपेर्ब सोलुसन तथा मोडर्न क्लिनिङ एन्ड सर्भिसिङ प्रा.लि. का म्यानेजिङ डाइरेक्टर शान्तबहादुरबाट प्राप्त भएको जनाइएको छ । कार्यक्रममा समालोचक लक्ष्मणप्रसाद गौतमले पुस्तकको समीक्षा गरेका थिए । बृहत् शान्तिधाम नेपालका प्रमुख एवं स्वामी श्री चतुर्भुजाचार्य चूडामणिजी महाराजले आशीर्वचन प्रस्तुत गरेका कार्यक्रममा शान्तबहादुर राई तथा चाइना फाउन्डेसनका प्रतिनिधिले पनि मन्तव्य राखेका थिए ।

## हरिचरण सिटौलाको सुकीर्ति लोकार्पण




शताब्दी पुरुष सत्यमोहन जोशीले 'हरिचरण सिटौलाको सुकीर्ति' नामक ग्रन्थको लोकार्पण गरेका छन् । गङ्गाप्रसाद उप्रेती र राधिका दाहालको सम्पादनमा नइ प्रकाशनद्वारा प्रकाशित ६९४ पृष्ठको सो ग्रन्थमा ९५ लेखकका सिटौलाबारे लेख रहेका छन् । प्रख्यात समाजसेवी हरिचरण सिटौलाले समाजसेवामा आधा शताब्दीभन्दा धेरै समय पूर्वाञ्चलको तेह्रथुममा आफूलाई समाहित गराएका थिए । उनको ७२ वर्षको उमेरमा २०४९ माघ १४ गते झापामा निधन भएको थियो । समारोहमा शताब्दी पुरुष जोशीले हरिचरण सिटौला जस्ता त्यागी समाजसेवी नेपाल राष्ट्रकै गौरव भएको बताए । गुञ्जनका अध्यक्ष गीताकेशरीको सभापतित्वमा सञ्चालित सो समारोहमा इन्दिरा प्रसाई, रजनी ढकाल, सर्वोच्च अदालतका पूर्व न्यायाधीश मोहनप्रकाश सिटौला, डा.वसन्त पन्त, पर्शुराम खापुङ, सम्पादकद्वय गङ्गाप्रसाद उप्रेती र राधिका दाहाल तथा सन्ध्या पहाडीले हरिचरण सिटौलाको समाजसेवाको विषयमा प्रकाश पारेका थिए ।

## विभिन्न व्यक्तित्व सम्मानित




राष्ट्रिय खेलकुद तथा पत्रकार दिवसका उपलक्ष्यमा जिउँदो शहीद गुरू पं. दुर्गाप्रसाद भट्टराई प्रतिष्ठानले विभिन्न क्षेत्रका व्यक्तित्वलाई सम्मान गरेको छ । सम्मानित हुनेमा रामकुमार श्रेष्ठ, छविराज पन्त, मीना सुवेदी, हेमा शर्मा, मनिता पोखरेल, सुरक्षा केसी, सावित्री खड्का, गोपाल सुवेदी, अरूण राणा, दुर्गाबहादुर बुर्जा, रेवतीरमण अधिकारी, शरदकुमार वैद्य, पशुपति ठाकुर, हरिप्रसाद भट्टराई, एकनारायण अर्याल, भोलाप्रसाद सिलवाल, उत्तमकुमार कार्की, सर्वेन्द्रनाथ खनाल, गणेशबहादुर ऐर, दीपकुमार बस्नेत, शिव बुढाथोकीलगायत छन् । सामान्य प्रशासन मन्त्री लालबाबु पण्डितले विभिन्न क्षेत्रका व्यक्तित्वलाई दोसल्ला र सम्मानपत्र सहित सम्मान गरेका थिए । कार्यक्रममा जिउँदो शहीद दुर्गाप्रसाद भट्टराईले संस्था स्थापनाको उद्देश्य र भावी योजना बारे प्रकाश पारेका थिए ।

## कलाकारको चुनावमा तीन प्रतिस्पर्धी


नेपाली चलचित्रका कलाकारहरूको साझा छाता संगठन नेपाल चलचित्र कलाकार संघको आगामी भदौ २३ गते निर्वाचन अधिवेशन हुने भएको छ । गुट-उपगुटमा कलाकारहरु भित्रभित्रै चुनाव प्रचारप्रसार गर्न र गराउनमा लागिरहेका छन् । तीनवर्षे कार्यकालका लागि कलाकार संघको चुनाव कलाकारहरूका लागि प्रतिष्ठाको विषय नै बन्ने गरेको छ । नवल खड्का नेतृत्वको कलाकार संघको कार्यसमितिको समयावधि सकिन लागेको संघारमा चुनावको रन्कोले कलाकारहरूमा छपक्कै छाएको छ । कलाकार रामकेशर बोगटी कलाकार संघको अध्यक्षको लागि खुलेर नै मैदानमा देखा परेका छन् । असार १३ गते आयोजित पत्रकार सम्मेलनमा कलाकारहरूको हक, हित तथा अधिकारका लागि कम्मर कसेर लाग्न अध्यक्ष पदमा उम्मेदवारी दिन लागेको कलाकार बोगटीले बताए । बोगटीको प्रतिद्वन्द्वीका रूपमा खासै अरू नदेखिरहेको अवस्थामा सदाबहार नायिका करिश्मा मानन्धर देखा परेकी छन् । साथमा नेपाल टेलिभिजनबाट अवकाश पाएका कलाकार लय संग्रौला पनि देखिएका छन् ।

## चिनियाँ राजदूतबाट कम्प्युटर हस्तान्तरण




नेपालका लागि चिनियाँ राजदूत उ चुन्थाईले भक्तपुरस्थित काठमाण्डू स्कुल अफ ल लाई कम्प्युटर हस्तान्तरण गरेका छन् । गत वैशाख १२ को महाभूकम्पले काठमाण्डू स्कुल अफ लको कम्युटरहरूमा क्षति पुऱ्याएपछि चिनियाँ राजदूतावासले ३० वटा कम्युटर सहयोग स्वरूप उपलब्ध गराएको थियो । राजदूत उले नेपाललाई चीन र भारतबीचको गतिशील पुल बनाउनुपर्ने भन्ने केही नेपाली नेता तथा बुद्धिजीवीको धारणा आफूले सुन्दै आए पनि योभन्दा उपयुक्त माध्यम त्रिपक्षीय सम्बन्ध हुनसक्ने धारणा राखे । सो समारोहमा राजदूत उले त्रिपक्षीय सम्बन्धबाट चीन र भारतले भन्दा नेपालले बढी लाभ लिन सक्ने विश्वास पनि व्यक्त गरे । यस्तो सम्बन्ध विकास गर्न सकिएमा तीन देशका लागि मात्र हैन एसियाकै विकासमा टेवा पुग्न सक्ने धारणा पनि उनले राखे । चिनियाँ राष्ट्राध्यक्षको भारत भ्रमण र भारतीय प्रधानमन्त्रीको चीन भ्रमणका समयमा नेपालको विकास सम्बन्धमा पनि कुरा भएको स्मरण गर्दै राजदूत उले नेपालको विकासका लागि अहिलेको समय निर्णायक हुनसक्ने विश्वास व्यक्त गरे । कार्यक्रममा काठमाण्डू स्कुल अफ ल का प्रमुख प्राध्यापक डा. युवराज संग्रौलाले दुई छिमेकी मित्रराष्ट्र चीन र भारत तथा हाम्रो आफ्नै पहलबाट नव निर्माणको कामलाई सजिलै अगाडि बढाउन सकिने धारणा राखे ।

## अमरको करोडौं कस्तूरी



हास्य अभिनेता हरिवंश आचार्यलाई नायक बनाइएको साहित्यकार अमर न्यौपोनेको 'करोडौं कस्तूरी' उपन्यास सार्वजनिक भएको छ । सो उपन्यासको काठमाडौंमा कलाकार हरिवंश आचार्य, डा. केदारभक्त माथेमा र लेखकले संयुक्तरूपमा विमोचन गरेका हुन् । नपढेको मान्छेले पनि समाजमा केही गर्न सक्ने र कस्तूरीले आफ्नो गुण नचिने पनि मान्छेले आफ्नो गुण चिनी समाजमा नाम, दाम र प्रतिष्ठा कमाउँछ भन्ने सन्देश पुस्तकले दिएको छ । कस्तूरीको खोजी गर्दै करोडौं मानिस भौंतारिरहेका छन्, तर हरेक मानिस आफैंभित्र कस्तूरी हुन्छ । जसलाई भेट्न र पहिचान गर्न मात्र सक्नुपर्छ भन्ने मूल विषयवस्तु पुस्तकमा उठान गरिएको छ । आफ्नो गुण चिनेर समाजमा नाम, दाम र प्रतिष्ठा सबै कमाउन सकिन्छ भन्ने सन्देश उपन्यासले दिएको छ । शिक्षाविद् माथेमाले नेपाली साहित्यले पनि विश्व साहित्यसँगसँगै हिड्न सक्ने क्षमता राख्ने उल्लेख गर्दै अब नेपाली साहित्यलाई अंग्रेजीमा अनुवाद गर्ने बेला आइसकेको बताए । आफ्नै बारेमा लेखिएको पुस्तक सम्बन्धमा हास्य अभिनेता आचार्यले मानिसले सधैं आफ्नो गुणको पहिचान गर्न नसक्ने भएकाले साथी, अभिभावक तथा शिक्षकले त्यो गुण चिनाइदिनुपर्ने सुझाव दिए । लेखक न्यौपानेले १२ वर्षसम्म विद्यालयमा पढाउँदा विद्यार्थी विद्यालयभित्र छिर्दा त्यति उत्साही नहुने तर विद्यालयबाट छुट्टी भएर फर्कंदा खुसी हुने देखेपछि सो पुस्तक लेख्ने प्रेरणा मिलेको बताए ।

## समाचारवाचकहरूको अभिनय



नेपाली चलचित्र 'परिधि'का निर्देशक एवम् काठमाडौंबाट प्रसारण भइरहेको एबिसी टेलिभिजनमा कार्यरत संचारकर्मी समीर जोशीको निर्देशनमा सन्देशमूलक गीतको भिडियो तयार भएर रिलिज भएको छ । विनाशकारी भूकम्पबाट नेपालमा आएको विपत्लाई इंगित गरेर तयार पारेको गीतको भिडियोमा टेलिभिजनमा कार्यरत समाचारवाचकहरूलाई नै मोडल बनाएको छ । अनिता विन्दू (नेपाल टेलिभिजन), पुनम पौडेल (कान्तिपुर टेलिभिजन), सविना कुँवर कोइराला, विकास थपलिया(न्यूज २४ टेलिभिजन), सुषमा श्रेष्ठ, रोहन श्रेष्ठ(हिमालय टेलिभिजन), गौतम रेग्मी, सिर्जना ओली(एटिभी), दिव्यज्योति, शारदा थापा, मिलन लिम्बू र समीर जोशी(एबिसी टेलिभिजन) लगायतकाको अभिनय रहेको छ ।

## कमलालाई युवा प्रतिभा पुरस्कार



युवा तथा खेलकुद मन्त्रालयले यो वर्षबाट प्रदान गरेको युवा प्रतिभा तथा युवा उद्यमी प्रोत्साहन पुरस्कारबाट दुई हात र एक खुट्टा नभएकी संचारकर्मी कमला श्रेष्ठ पुरस्कृत बनेकी छन् । नगद ५० हजारसहित युवा प्रतिभा पुरस्कार युवा तथा खेलकुदमन्त्री पुरूषोत्तम पौडेलबाट संचारकर्मी श्रेष्ठ पुरस्कृत बनेकी थिइन् । १२ वर्षको उमेरमा हाइटेन्सन तारको करेन्टमा परेर दुई हात र एक खुट्टा गुमाएकी श्रेष्ठले चार वर्षअगाडि मात्र संचारकर्मी श्याम स्मृतसँग पत्रकारिता तथा आम-संचारको तालिम लिएर पत्रकारिता सुरू गरेकी थिइन् । डेढ वर्ष काठमाडौंबाट प्रसारण हुने क्यापिटल एफएममा अपाङ्ग मानवअधिकार रेडियो कार्यक्रमको कार्यक्रम प्रस्तोता बनेकी पुरस्कृत श्रेष्ठ हाल हिमालय टेलिभिजनमा समाचारवाचिकाको रूपमा कार्यरत छिन् ।



तस्वीर : कविन्द्रमान शाक्य
मेकअप : गंगा श्रेष्ठ, रिफ्रेस ब्युटी पार्लर
लोकेशन : बगैंचा रेष्टुरेन्ट, जाउलाखेल

# उषाको सदाबहार सुन्दरता


उषा खड्गी मिस नेपाल भएको १५ वर्ष पुगेको छ । सन् २००० मा वीरगन्जबाट मिस नेपालमा भाग लिन काठमाडौं आएकी उषाको लागि मिस नेपाल जिन्दगीकै टर्निङ प्वाइन्ट बन्यो । मिस नेपाल भएपछि जिन्दगीले धेरैकुरा पाएको उनी बताउँछिन् । नसोचेको खुसी अनि सफलता मिस नेपाल बनेपछि प्राप्त गरेको उनको निश्कर्ष छ ।

मिस नेपाल भएको एक वर्षपछि नै उषाले सञ्चार उद्यमी जीपी तिमिल्सिनासँग प्रेम विवाह गरेकी हुन् । उषाका जीवनमा अहिले ११ वर्षकी छोरी उगेसना र ११ महिनाको छोरा उगेन थपिएका छन् । दुई सन्तानकी आमा भइसक्दा पनि उत्तिकै सदाबहार सुन्दरी देखिएकी उषा बच्चाको आमा बनेपछि सुन्दरता घट्ने कुरामा पटक्कै विश्वास गर्दिनन् । बच्चाको आमा भएपछि अझ सुन्दरता बढ्ने अनुभव उनी सुनाउँछिन् । छोरीलाई दुई वर्षसम्म स्तनपान गराएको सहर्ष उल्लेख गर्ने उषाले छोरालाई भने छोरीलाई जस्तो लामो समय स्तनपान गराउन नपाएको गुनासो गरिन् । 'जन्मेको ६ महिनापछि छोरो आफैले खाना खाने भएपछि स्तनपान गर्न नै मानेन । यसले गर्दा चाहेर पनि मैले छोरा उगेनलाई लामो समय स्तनपान गराउन पाइनँ', उनले भनिन् । स्तनपान गराउनाले महिलाको सुन्दरता घट्ने कुरामा पनि उनको विश्वास छैन । स्तनपान गराएन भने चाहिँ निहित सुन्दरता पनि घट्ने उनको ठोकुवा छ । स्तनपान गराउनु जतिको भाग्य एक आमा हुने महिलाको लागि अरू नहुने समेत उनको भनाइ छ ।

मिस नेपालको परिचयबाहेक यतिखेर प्रसिद्ध फेसन डिजाइनर तथा मिडिया पर्सनालिटीका रूपमा उषाको थप परिचय बढेको छ । पाटनको कुपन्डोलमा यु आर स्टाइल नामक फेसन बुटिकमा फेसन विजनेशमा उनी प्रायः व्यस्त बन्ने गरेकी छन् । दिउँसो १ बजेदेखि साँझ ६ बजेसम्म उनी उक्त बुटिकमा भेटिन्छिन् । त्यसछि र अधिको समय घर तथा परिवारलाई दिने गरेकी उनी शनिबारको दिन भने दुई छोरा-छोरी र श्रीमान्सँग नै रम्ने गरेकी छन् । यो उनको नियमित रूटिङ हो ।

दर्जनौं गीतका म्युजिक भिडियो तथा विभिन्न विज्ञापनमा रोलमोडल बनेर अभिनय गरिसके पनि उनले फिल्ममा भने अभिनय गरेकी छैनन् । सयौं फिल्मबाट अफर आए पनि फिल्मप्रति उनको रूचि नै भएन । फिल्म खेल्न मन नलाग्नुमा कुनै कारण नभएको बरू फिल्म आफ्नो लागि नै होइन जस्तो लाग्ने प्रतिक्रिया उनले दिइन् ।

यो साउन महिनामा उषाको यु आर स्टाइल बुटिकमा हरिया ब्राइडल सेटका हरिया फेसनेबल सारीको विभिन्न डिजाइन तयार पार्ने कार्य पनि उनले सम्पन्न गरेकी छन् । ती साउने हरिया सारीको मूल्य ५ हजारदेखि ६८ हजारसम्म पर्ने गरेका छन् । समय तथा परम्परा अनुसार फेसन डिजाइनिङमा विगत चार वर्षदेखि व्यस्त बन्दै आएकी उनले कोलकाताको आइसी फेसन कलेजबाट फेसन डिजाइनिङमा ग्राजुएट गरेकी छन् ।





# कलाकारको बाध्यता

# नेपालमा नाम अमेरिकामा दाम

मर्नका लागि नेपाल फर्कन्छु भनेका नेपाली चलचित्रका अभिनेता सरोज खनाल १७ वर्षपछि नेपाल फर्केका छन् । यतिखेर अभिनेता खनालले मर्न नेपाल नआइकन काम गर्न नेपाल फर्केको प्रतिक्रिया व्यक्त गरेका छन् । नेपाली चलचित्रको उर्वर त्यो समयमा एकाएक परिवारको भविष्य बनाउन भनेर अमेरिका हानिएका उनी अहिले उमेरको उकालोमा नेपाल फर्कनुलाई कतिले निको मानेका छैनन् । धेरैले अमेरिकामा सिकेका र कमाएका कुरा नेपाल निर्माणमा लगानी गर्न आएकोमा तारिफ नै गरेको पाइन्छ ।

सधैंको लागि नेपाल फर्केको घोषणा गरेर अमेरिकाबाट बिदावारी भएर नेपाल फर्के लगत्तै उनलाई नेपाल बृद्धाश्रम हो र भनेर तिखो व्यंग्य बाण गर्दा उनको मन अत्यन्त भारी भएको थियो । जसोतसो मन बुझाएर नेपाल फर्केका अभिनेता खनालमाथि त्यसप्रकारको तीर प्रहार भएपछि बेकार नेपाल फर्केछु भन्ने प्रतिक्रिया दिएको उनका सहयोगी कलाकार सुनिल श्रेष्ठले जानकारी दिएका छन् ।

विभिन्न तीर प्रहारलाई सहेर भए पनि नेपालमा नै उत्तरार्द्धका जिन्दगीलाई आरामसँग बिताउने कोसिसमा रहेका अभिनेता खनाल विनाशकारी भूकम्पको बेलामा नेपालमा नै थिए । गृहजिल्ला चितवनमा रहेका उनले वैशाख १२ र २९ गतेको दुवै भूकम्प अनुभव गरेका छन्, नजिकबाट नियालेका छन् ।

१७ वर्ष अमेरिका बसे पनि थातथलो चितवनमा खनाल पोल्ट्री फार्मलाई निरन्तरता दिने कार्य उनीबाट भइरहेको छ। नेपाल फर्कयता १७ वर्षअगाडि संचालनमा ल्याएको उक्त पोल्ट्री फार्मलाई अझ विस्तार गर्ने तथा तिनबाट आय र रोजगारी वृद्धि गर्ने सोचमा उनी लागेका छन् । नेपाल फर्केलगत्तै केही गीतका भिडियोका अभिनय र चलचित्रको सुटिङजस्ता कार्यमा समेत निरन्तरता दिन थालेका उनलाई पुराना तथा नयाँ नेपाली चलचित्रका दर्शकले विर्सेका छैनन् ।

अभिनेता खनाल काम विशेष या अरू कुनै कार्यको सिलसिलामा जहाँ पुगे पनि 'ओहो सरोज खनाल होइन र !' भन्नेहरूको कमी देखिएको छैन । उनलाई देख्नासाथ र भेटिनासाथ उनीसँग अटोग्राफ लिने तथा फोटो खिच्नेको जमात अझै बढेको पाइएको छ । १७ वर्षपछि नेपाल फर्कदा पनि नेपाली चलचित्रका दर्शकको मायाले हौसिएका अभिनेता खनाल उपयुक्त वातावरण मिल्नासाथ नेपाली चलचित्र निर्माण गर्ने सोचमा रहेका छन् ।

नेपाली समसामयिक रंगमञ्चमा स्वाभाविक अभिनय गरेर सबैको हाइहाइ बनेका अभिनेता खनाल विभिन्न टेलिफिल्म हुँदै चलचित्रमा होम्मिएका कलाकार हुन् । उनी अभिनित जन्मजन्म, दुश्मन, चुनौती, परिभाषा, पुकार, सान्नानी, सारंगी, प्रेमपिण्ड, मनकामनाजस्ता हिट फिल्मले पैसा र प्रशंसा दुवै बटुले । नेपाल टेलिभिजनबाट प्रसारण भएको टेलिफिल्म भीडदेखि भीडसम्मको लोकप्रियताले अझ त्यो बेलाका बूढा तथा बच्चा दर्शकका पनि प्रिय कलाकार उनी बनेका थिए । यसको प्रतिफल अझै उनले पाइरहेका छन् । त्यो बेलामा नै एक लाखभन्दा बढी पारिश्रमिक लिने महंगा कलाकार मानिएका अभिनेता खनालको हाराहारीमा हालका चलेका कतिपय कलाकारले पनि उक्त पारिश्रमिक पाउन सकिरहेका छैनन् । यद्यपि, दुई छोराको भविष्य





बनाउन अमेरिका गएको बताउने उनले छोराहरूको भविष्य बनाएर नेपाल फर्कन पाएकोमा गर्व पनि व्यक्त गरेका छन् ।

यतिखेर सरोज खनालकै सिकोमा अर्का अभिनेता दिलीप रायमाझी छोरीकै भविष्यको लागि भनेर अमेरिका जाने तर्खरमा छन् । हालै मात्र अमेरिकाको ग्रीनकार्ड पाउन सफल अभिनेता रायमाझी परिवारसहित अमेरिका जाने भएका छन् । अमेरिका जाने मिति तय नगरिसके पनि जाने पक्का भएको रायमाझीले बताएका छन् ।

'भानुभक्त', 'दर्पणछायाँ', 'लहना', 'मिस यु', 'भनिदेऊ न माया गर्छु', 'सुपरस्टार', 'आफ्नो मान्छे'लगायत हिट चलचित्रका अभिनेता रायमाझी अमेरिकामा पलायन हुनको लागि जान लागेको होइन भनेर प्रतिक्रिया दिएका छन् । अमेरिकामा पनि काम गर्न नै जान लागेको बताएका छन् । चलचित्र निर्माता समेत भएकोले नेपाली चलचित्रको बजार खोज्न पनि अमेरिकाको ग्रीनकार्डले आफूलाई राम्रो सहयोग गर्ने दाबी उनले गरेका छन् । अमेरिका पुगेलगत्तै चलचित्रको कामको लागि अष्ट्रेलिया जाने योजनामा रहेका उनका अनुसार त्यहाँ चलचित्र अनुरागको सुटिङ हुने छ ।

अभिनेता रायमाझी अभिनित हिट फिल्म दर्पण छायाँको सिक्वेल दर्पण छायाँ २ निर्माण गर्ने घोषणा भइसकेको छ । जसमा समयले साथ दिएमा यस चलचित्रका पुराना कलाकारलाई गेष्ट रोलमा खेलाउने घोषणा निर्देशक तुलसी घिमिरेले गरिसकेका छन् । दर्पण छायाँका लिड हिरो रायमाझीको दर्पण छायाँ २ को सुटिङ हुने बेलामा अमेरिका जाने तर्खरले केही असर पार्ने देखिएको छ ।

अमेरिका पुगे पनि समय मिलेमा नेपाल फर्केर उक्त चलचित्रमा अभिनय गर्ने रायमाझीले बताए । नेपाली चलचित्रको अभिनयको लागि मरिमेट्ने दिलीप रायमाझीको अमेरिका प्रवेशको संघार तथा अमेरिकाबाट नेपाल फर्केका सरोज खनालको अभिनयको निरन्तरता एउटा संयोग भएको छ । यतिखेर प्रभावशाली नायिका केकी अधिकारी पनि अमेरिका जाने तर्खरमा रहेकी छन् । केही समयको लागि कार्य विशेष भनेर अमेरिका जान लागेकी केकी संभवतः उतै बस्ने सोचमा रहेको बुझिएको छ । खस्किएको पारिवारिक अर्थतन्त्रलाई मजबुत बनाउन केकी त्यसतर्फ लाग्न लागेको बुझिएको छ । यसअघि दुई नायिका निशा अधिकारी र नन्दिता बस्नेत अमेरिका पुगिसकेका छन् ।

नेपाली क्रिकेटर शरद भेषवाकरको प्रेममा चुर्लुम्म डुबेकी नायिका निशा अधिकारीले अमेरिकाको एक कम्पनीमा काम पनि सुरू गरिसकेकी छन् । प्रेम पीडामा अमेरिकामा कपाल मुण्डन समेत गरेकी नायिका अधिकारी नेपाल फर्कने या नफर्कने कुनै टुंगो छैन । उनले फर्कने या नफर्कने आफ्नो मर्जी भनेकी छन् ।

पछिल्लोपल्ट अमेरिका जाने निर्देशकमा श्याम भट्टराई देखिएका छन् । अमेरिका पुगेलगत्तै त्यहीं बसेर चलचित्र निर्माण तथा निर्देशन गर्ने घोषणा समेत भट्टराईले गरेका छन् । अमेरिकाको न्यूयोर्कमा उनलाई त्यहाँ विगत पाँच वर्षदेखि कार्यरत अभिनेता विक्रान्त बस्नेतले सघाइरहेका छन् ।

केही वर्षअगाडि निर्देशक भट्टराईकी अभिनेत्री पत्नी रन्जना शर्माले उनलाई छाडेर अमेरिका गएकी थिइन् । अमेरिका पुगेर भट्टराईलाई डिभोर्स दिएकी अभिनेत्री शर्माकै प्रेममा पागल बनेर नै उनी अमेरिका पुगेको बताइए पनि दुवैबीच मिलन हुन नसकेको बताइएको छ ।

अमेरिका जानेहरूको लर्कोले नेपाली चलचित्र उद्योगमा क्रमिक रूपमा राम्रा कलाकारको कमी हुन थालेको छ । अमेरिकाबाटै फर्केका कलाकारहरूले त्यो अभावलाई पूर्ति गर्ने कोसिस भए पनि भनेजस्तो भइरहेको भने छैन ।

राजाराम पौडेल, करिश्मा मानन्धर, गौरी मल्ल, रमेश उप्रेतीदेखि रेश मरहट्ठासम्म अमेरिकाबाट नेपाल फर्केका छन् । यी सबै कलाकार केही समय अमेरिका भासिए । त्यहाँ रम्न नसकेपछि स्वदेश फर्किएर फिल्म वृत्तमै चम्कने प्रयासमा छन् तर दुःखलाग्दो कुरा, यीमध्ये कुनै कलाकारले पनि पहिलेकै जत्तिको व्यावसायिक सफलता र सम्मान हासिल गर्न सकेका छैनन् ।

सात वर्ष अमेरिका बसेर फर्किएका हास्य अभिनेता राजाराम पौडेलले पहिलाजस्तो चर्चा र सम्मान पाउन नसकेको स्वीकारेका छन् ।

अमेरिका गएर फर्कने सबैभन्दा अभागी कलाकारमा संभवतः राजाराम पौडेल नै परेका छन् । दक्षिणा, झुमा, लोभीपापी, अधिकार, त्रिवेणी, वासुदेवजस्ता फिल्म, विज्ञापन, सन्ततीजस्ता टेलिफिल्म र दर्जनौं नाटकमा अभिनय क्षमता पोखेका राजाराम सन् २००१ मा एकाएक अमेरिका गएका थिए । कला क्षेत्रको माया भए पनि छोराका लागि अमेरिका जानुपरेको पीडा पोख्ने उनी अभिनयबाट नाम कमाए पनि दाम कमाउन नसकेर नै अमेरिका गएको खुलासा गर्छन् ।

सात वर्ष अमेरिका बस्दा पनि अमेरिकाको ग्रीनकार्ड पाउन असफल भएपछि नेपाल फर्केको बताउने हास्य अभिनेता पौडेलले छोराको भविष्य पनि बनाउन नसकेकोमा निकै दुःखी बनेका छन् । अमेरिकामा किनेको एउटा घर पनि बैंकले लिलामी गरेपछि सन् २००८ मा स्वदेश फर्केको



बताउने उनी पहिलाभन्दा अहिले हास्य विधा निकै व्यावसायिक र लोकप्रिय बनेकोमा हौसिएका छन् । दाम नभए पनि यो क्षेत्रमा नमरून्जेल जमेर लाग्ने सोचमा उनी रहेका छन् । हास्य सिरियल जिरे खुर्सानीमा 'परेको म बेहोरूँला' पात्रको भूमिकामा उनी जमेका छन् । नाम जोगाउन नै उक्त सिरियलमा खासै दाम नभएपनि काम गरिरहेको पनि उनले बताए ।

राजाराम पौडेल जस्तै सात वर्ष अमेरिका बसेर नेपाल फर्कने अभिनेतामा रमेश उप्रेती पनि देखिएका छन् । १६ वर्षे जोवन, विद्रोही, संगम, पूजा, अँगालो अँगालोमा, मायाको जाललगायत पाँच दर्जनभन्दा बढी हिट चलचित्रमा अभिनय गरेका अभिनेता उप्रेतीले २०६२-०६३ को जन-आन्दोलनपश्चात नेपालमा कुनै भविष्य नदेखेर बाध्य भएर अमेरिका जानुपरेको दुःखेसो पोखेका छन् । हाल केही सुध्रिएको जस्तो लागेर नेपाल फर्केको बताउने उनले केशव भट्टराई निर्मित चलचित्र ब्रासलेटमा अभिनय गरेका छन् । पहिलाजस्तो चलचित्रमा अभिनय गरेर नाम तथा दाम कमाउन हाल निकै नै मुश्किल भएको अनुभव सुनाउने उनी चलचित्रको मोहले नै यसतर्फ लागेको बताउँछन् । केही समयपछि चलचित्र निर्माण गर्ने सोचमा पनि उनी लागेका छन् ।

विदेश बसाइका क्रममा करिअर बढाउन नसकेकी अभिनेत्रीमा गौरी मल्ल पनि परेकी छन् । सन्तान, कन्यादान, वसन्ती, संन्यास, स्वर्ग, सरस्वती, मामाघर जस्ता सयौं फिल्ममा महत्वपूर्ण भूमिका निर्वाह गरेर दर्शकको मन जित्न सफल उनी हिरोइनसँगै चरित्र अभिनेत्रीका रूपमा स्थापित बनेकी थिइन् । यतिधेरै चलचित्रमा सफल अभिनेत्री बने पनि नेपालमा खासै रम्न नसकेपछि केही वर्ष जापान भासिएकी थिइन् । त्यसपछि सन् २०१० मा अमेरिका पुगेकी उनी त्यहाँ तीन वर्ष बसिन् । त्यसको लगत्तै सधैंको लागि नेपाल फर्केकी उनी नेपाल फर्केको पनि एक वर्ष पूरा भइसकेको छ ।

सन् २०१० मा रिलिज भएको हिन्दी फिल्म इस्कियामा छोटो भूमिका निर्वाह गरेकी गौरीले नेपाल फर्केको एक वर्षभित्र करिश्मा मानन्धरको चलचित्र फागु र छिरिङ् रितार शेर्पाको लामो भागको टेलिसिरियल सिंहदरबारमा महत्वपूर्ण भूमिकामा अभिनय गरेकी छन् । टेलिसिरियल सिंहदरबारमा नेपालको प्रथम महिला प्रधानमन्त्रीको भूमिकामा उनले अभिनय गरेकी छन् । जुन उनको अभिनय करिअरकै टर्निङ प्वाइन्ट बनेको छ । त्यसैगरेर उनले चलचित्र होमवर्कको सुटिङ भ्याएकी छन् । अमेरिकाबाट फर्किएपछि आफ्नो करिअरमा खासै कुनै बाधा नपुगेको बताउने उनले बताएकी छन् ।

अमेरिकाको ग्रीनकार्ड होल्डर नायिका भए पनि हाल नेपालमा नै रमाइरहेकी नायिका करिश्मा मानन्धरले यो वर्ष नयाँ चलचित्र 'फागु' निर्माण गरेर चर्चामा रहेकी छन् । अमेरिका जानुअघि ढुकढुकी र बाबुसाहेब नामक दुई चलचित्र निर्माण गरेकी उनी बाबु साहेबको असफलताबाट विरक्तिएर अमेरिका गएकी हुन् । सन् २००४ मा त्यसरी विरक्तिएर अमेरिका गएकी करिश्माले त्यहाँको रेस्टुराँमा काम गरेको खबरले उनका फ्यान मर्माहत बनेका थिए । तर पाँच वर्ष बित्न नपाउँदै सन् २००९ मा स्वदेश फर्किन् । त्यसयता फिल्मी जमघटमा निकै सक्रिय रहेकी छन् । यद्यपि, मुख्य भूमिका उनले पाउन सकेकी छैनन् । केही फिल्ममा सहायक भूमिकामा सीमित बनेकी छन् ।

चार दशक उमेर नाघे पनि करिश्माको सुन्दरता र ड्रेसअप सेन्सको खुलेर तारिफ हुने गर्छ । केही समयअगाडि वक्षस्थलमा ट्याटु खोपाइन् । सेवामूलक कार्यमा पनि उनको सक्रियता देखिन्छ । यस्ता धेरै कारणले करिश्मालाई ओझेलमा पारेको छैन । करिश्माले अमेरिकाबाट फर्केपछि मायाज बार, वान वे, वशमा छैन मन, किन-किनजस्ता फिल्ममा सहायक भूमिकामा भए पनि अभिनय गरेकी छन् ।

अमेरिका पुगेर नेपाल फर्कने करिश्मादेखि सरोज खनालसम्मका एउटै कथा रहेको छ । नेपालमा नाम कमाए पनि दाम कमाउन नसकेको पीडाले अमेरिका जान उनीहरूलाई बाध्य बनायो । दाम कमाएर नेपाल फर्के पनि उही पुरानै फिल्मी नामको मोहले नामकै लागि भए पनि फिल्म खेल्ने चाहना नमरेको उनीहरूले बताएका छन् ।

■ **श्याम स्मृत**



# हार्दिक बधाई एवम्
# शुभकामना

नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष पदमा
**श्री पशुपति मुरारका** निर्विरोध निर्वाचित हुनुभएकोमा
उहाँको उत्तरोत्तर प्रगति तथा सफल कार्यकालका लागि
हार्दिक बधाई एवम् शुभकामना
व्यक्त गर्दछौं ।

**व्याकुल पाठक**
अध्यक्ष तथा प्रधानसम्पादक
**ड्रिम नेपाल पब्लिकेसन्स प्रालि**
गोंगबु, काठमाडौं, फोन : ०१-४३५६१४१

# साउनको शृङ्गार

साउन प्राकृतिक रूपमा पनि हरियो महिना हो । वन जंगल, खेतबारी सबैतिर हरियाली हुने भएकोले नेपाली महिलाहरु पनि साउन महिनामा हरिया पहिरनबाट हरियो बन्ने गर्छन् । प्रकृतिसँग एकाकार हुने कोसिसमा साउनमा हरियो फेसन गर्ने प्रचलन आएको हुनुपर्ने एनआइसी एसिया बैंक लिमिटेड बागबजार शाखाकी प्रमुख सोफी अधिकारी पौडेलको अनुमान छ ।

गाउँघरतिर साउनलाई खेतीपाती सकेर सफासुग्घर बन्ने महिनाको रूपमा लिइन्छ । हाम्रो संस्कृति अनुसार साउन १ गते विधिवत रूपमा लुतो फालेपछि हिलो मैलोको काम सकिएको मानिने भएकोले बर्खाभरिको कामको चटारोले आफ्नो शरीरको सरसफाइ गर्न नभ्याएकाहरूले साउनलाई नुवाइधुवाइको महिनाको रूपमा पनि लिइने गरिएको छ । त्यसैले यो महिनालाई आफूले सफाइको महिनाको रूपमा पनि बुझ्ेको शाखा प्रमुख पौडेलको भनाइ छ । विवाहअगाडि र विवाह पछाडि पनि साउनको सोमबारे व्रत लिने कार्यलाई निरन्तरता दिँदै आएको उनी बताउँछिन् । बालबच्चा नहुन्जेल श्रीमान्को आयु तथा आरोग्यताको लागि यो व्रत लिने गरेको भए पनि पछि बालबच्चाको लागि लिइने गरेको तथ्यलाई आफूले शिरोधार्य गरेको जानकारी उनी दिन्छिन् ।

पहाडी जिल्लाका धेरै ठाउँमा भने साउन महिनालाई किसानहरूको कोदो रोप्ने महिनाको रूपमा लिने गरिन्छ । हुन पनि असार र साउन महिना कृषकहरूको वर्षभरिको लागि पुग्ने अन्न उब्जाउन दुःख गर्ने महिना हो । तर खेती किसानीसँगै पछिल्लो समय साउन महिनामा महिलाहरूले हरियो पहिरन र चुरापोते लगाउने प्रचलन बढ्दै गएको छ । यो प्रचलनलाई सामाजिक अभियन्ता सुनिता कायस्थले पनि आत्मसाथ गरेकी छन् । यो महिनामा सोमबार व्रत बसेर पूजाआजा गरेर हरियो पहिरन र हरियै चुरापोते लाउनुको मज्जा नै बेग्लै भएको कायस्थको अनुभव छ । यस महिनाले बढ्दो उमेरमा पनि बल्ल जवानी आएको हो कि जस्तो महसुस हुने र कुतकुती लाग्ने अनुभव उनले सुनाएकी छन् ।

घरदेखि शहर-बजार सबैतिर साउन सुरू भएसँगै महिलाहरूको गला हरियो पोतेले सजिएको हुन्छ भने हातहरु हरिया चुराले भरिएका हुन्छन् । अनि पहिरन पनि हरिया हुन्छन् । विशेष गरी हरियो चुरा, पोते र





# छाता र रेनकोटको मौसम



विशेष गरेर असार र साउन महिनामा वर्षा बढी नै हुने गरेको छ । वर्षाको बेला पानी छेक्ने छाता र रेनकोटको किनमेल बढी नै हुने गरेको छ । यो मौसममा छाता र रेनकोट साथमा नभए बर्बाद जस्तो पनि हुने अवस्था आउने गर्दछ । यसले गर्दा पनि छाता र रेनकोटको मार्केट बढेको जोरपाटी फेसन मार्टकी मञ्जु राणा बताउँछिन् । विशेष गरेर सस्तो खोज्नेहरूलाई चीनको खासाबाट आयात भएका छाता तथा रेनकोट नै बिक्री गर्ने गरेको राणा जानकारी दिन्छिन् । छाताको मूल्य २ सय ५० देखि ४ सय ५० सम्म रहेको छ । रेनकोट हाल सिंगलभन्दा मोटरसाइकलमा डबल ओढ्न मिल्नेकै माग बढी रहेको छ । दुई जनाले एकसाथ ओढ्न मिल्ने रेनकोटको ४ सय ५० देखि ८ सयसम्म मूल्य कायम गरिएको छ ।

चिनियाँ छाता र रेनकोटको मूल्यभन्दा भारतीय छाता र रेनकोटको मूल्यमा एक सयको हाराहारीमा महंगो हुने भएकोले यसमा ग्राहकले खासै रूचि नराख्ने भएकोले चिनियाँ छाता र रेनकोट राख्ने गरेको स्वयम्भूस्थित बंगलामुखी मिनी स्टोरकी संचालिका सुनिता कायस्थ बताउँछिन् । बजारमा चिनियाँ छाता र रेनकोटकै बोलवाला रहेको छ ।





मेंहन्दीले शहरबजारमा साउनको रौनक दिन्छ भने यस्ता चिजको व्यापार पनि व्यापक वृद्धि हुने गरेको मेहन्दीविज्ञ कुलदीप कुमार बताउँछन् । यस महिना सुरू भएदेखि नै मेहन्दी लगाउन आउनेहरूको मुम्बई मेहन्दी हाउसमा भीड नै लाग्ने गरेको कुमार जानकारी दिन्छन् ।

बालाजुकी ब्युटीसियन रमा ढुंगाना यो महिनाभर आफू पनि मेहन्दी लगाउने र लगाइदिने कार्यमा नै अत्यन्त व्यस्त हुने गरेको बताउँछिन् । साउनमा मेहन्दी लगाउने अर्को नयाँ प्रचलन परम्परासँगै आएको काठमाडौं घट्टेकुलोकी ब्युटीसियन शान्ति श्रेष्ठ बताउँछिन् । उनी साउन महिना सुरू भएपछि युवतीका हातमा हरियो चुरा र मेहेन्दी भएन भने यो महिना नै फिक्का हुने दाबी गर्छिन् । वनजंगलदेखि खेतवारीसम्म हरियो हुने साउन महिनामा प्रकृतिको रंगसँग तालमेल मिलाउने गरी महिलाको पोशाक हरियो हुने गरेर डिजाइन गर्ने गरेको फेसन डिजाइनर निरू शाहले स्पष्ट पारेकी छन् । यस महिनाको लागि भनेर नै महिनौं पहिलादेखि बेग्लै डिजाइन गरेको न्युरोडको निरू फेसन हाउसमा राखेको र त्यसको राम्रो मार्केट भएको पनि उनले बताएकी छन् ।



साउनमा महिलाले हरिया चुरा तथा हरिया लुगा लगाउने प्रचलन नेपाली संस्कृतिमा पहिलेदेखि नै रहेको संस्कृतिविद् डा. जगमान गुरूङ बताउँछन् । बीचमा यो संस्कृतिमा केही कमी आए पनि पछिल्लो समयमा पुनर्जागरण भएको जानकारी उनले दिए । साउनमा महिलाले हरियो लगाउनुको अर्थ प्रजनन् शक्ति बढोस् भन्ने उद्देश्य रहेको डा. गुरूङको भनाइ छ । मिथिलाञ्चलमा यही महिनामा मधुश्रावणी पर्व मनाइने र यो पनि नवविवाहित स्त्रीले पतिको दीर्घायु, आफ्नो अटल सौभाग्य र प्रजनन शक्ति बढोस् भन्ने उद्देश्यले नै मनाइने उनको विश्लेषण छ । साउनमा हरियो चुरा र मेहन्दी लगाउनुको खासै धार्मिक कारण नभए पनि विवाहित हिन्दू महिलाहरु पतिको दीर्घायुको लागि साउन महिनामा हरियो चुरा र हरिया पहिरनहरु लगाउने गरेको धार्मिक अनुष्ठान गुरू कीर्तन धामी बताउँछन् ।

विवाहित हुन् या अविवाहित, हरिया पहिरनमा सबै युवतीहरूको आकर्षण देखिन्छ । विवाहित महिला सौभाग्यको प्रतीकको रूपमा हरियो चुरा लगाउँछन् भने अविवाहित युवती पनि आर्कषण र रमाइलोका लागि हरियो चुरा, हरिया पहिरन र मेंहन्दी लगाउने गर्दछन् । पछिल्लो समय धेरै सेलिब्रिटीहरूले पनि साउनलाई फेसनको रूपमा लिएका छन् भने मेहेन्दी, चुरा र हरिया पहिरन लगाएर साउनलाई फेसनमय बनाएका छन् । विभिन्न कारणले साउन अहिले हरियालीमय बनेको छ । हातमा मेहेन्दी, हरियो चुरा र हरिया पहिरन नलगाई हिड्ने महिलाहरु विरलै देख्न पाइन्छ ।









# कलाकारितामा जीवन देख्ने गोविन्द

Like: 3,111
Post reach: 7,272

**मानिसको इच्छा र आकांक्षा पूर्तिको कुनै सीमा नहुने भएकोले गोविन्द पैसाको पछाडि दौडिने पक्षमा छैनन् । सामान्य आवश्यकता पूर्ति गर्ने किसिमको कमाइ भएपछि आफ्नो रुचिको क्षेत्रमा लागेर जीवन समर्पित गर्ने योजना उनले बुनेका छन् ।**

जाजरकोट खलंगाका गोविन्दराज विक साथीभाइ माझ गोविन्द विवश आँसु नामले पनि चिनिन्छन् । सानैदेखि अभिनय, गायन तथा मोडलिङमा रूचि लिने उनले भविष्यमा एक प्रसिद्ध कलाकार बन्ने लक्ष्य लिएका छन् । पारिवारिक आर्थिक अवस्था कमजोर भएकोले अहिले उनी पढाइलाई बीचमै स्थगित गरेर रोजगारीका लागि मलेसिया पुगेका छन् ।

मानिसको इच्छा र आकांक्षा पूर्तिको कुनै सीमा नहुने भएकोले उनी पैसाको पछाडि दौडिने पक्षमा छैनन् । सामान्य आवश्यकता पूर्ति गर्ने किसिमको कमाइ भएपछि आफ्नो रुचिको क्षेत्रमा लागेर जीवन समर्पित गर्ने योजना उनले बुनेका छन् । अभिनय क्षेत्रमा अवसर पाए ठूलो रकमको अपेक्षा नगर्ने उनी बताउँछन् । अभिनय आफ्नो रूचिको क्षेत्र बन्नुमा यस क्षेत्रबाट समाजलाई सकारात्मक सन्देश दिन सकिने र लाखौं व्यक्तिसम्म एकैचोटि पुग्न सकिने भएकोले हो भन्ने प्रतिक्रिया उनले दिए । नयाँ साथी बनाउन, पत्रमित्रता कायम गर्न, अरूको दुःखलाई आफ्नै दुःख सम्झी सक्दो सहयोग गर्न उनलाई रूचि लाग्छ । साथै जुनसुकै काममा लागे पनि त्यसमा लगनशील र कर्तव्यनिष्ठ भई फत्ते गरेरै छाड्ने बानी पनि उनको छ ।

हट नेपालको प्रतिभा प्रतियोगितामा सहभागी भई विजेता बन्न पाएकोमा अति नै खुसी लागेको गोविन्द बताउँछन् । 'कुनै पनि प्रतियोगिता जितेर मैले पहिलो पटक यो अवसर पाएको छु । त्यसैले हट नेपाललाई जीवनभरि सम्झिरहने छु', उनले भने । साथै उनले हट नेपालको फेसबुक पेजमा राखिएको आफ्नो स्टाटसमा लाइक गर्ने सम्पूर्ण शुभचिन्तकप्रति पनि आभार प्रकट गरे । नयाँ प्रतिभाका प्रतिभा प्रस्फुटनका लागि हट नेपाल राम्रो माध्यम भएकोले यसको सदुपयोग गर्नुपर्ने धारणा पनि उनले राखे ।

Bagaicha
Restro & Bar
Jawalakhel, Lalitpur, Nepal, Tel: 01-5548148
Email: newsbagaicha@yahoo.com

हट नेपाल मासिकले कला क्षेत्र (अभिनय, मोडलिङ, संगीत)मा आउन चाहनेहरूका लागि सहजकर्ताको काम गर्नेछ । हाम्रो फेसबुक पेज www.facebook.com/hotnepalmagazine को इनबक्सभित्र आफ्नो फोटो र विवरण पठाउनुहोस् । त्यसलाई हामी फेसबुक पेजमा पोष्ट गरिदिन्छौं । एक महिनाको अवधिमा बढी लाइक पाउने एक जनाको अन्तरवार्ता हट नेपालमा प्रकाशित गरिनेछ । विजेताले जावलाखेलस्थित बगैंचा रेष्ट्रो एन्ड बारमा दुई जनाका लागि लञ्च वा डिनरको सुविधा प्राप्त गर्नेछन् । त्यसैले आफ्नो विवरण, फोटो र इमेल तथा सम्पर्क ठेगाना पठाउनुहोस् । तपाईंको रूचिलाई हामी सार्थक बनाइदिने छौं । – सम्पादक

# बाहुबलीको कीर्तिमान



बलिउडको फिल्मी इतिहासमा तीन दिनमा एक अर्ब १७ करोड भारू कमाउने नयाँ फिल्ममा तेलगु भाषाको रिमेक हिन्दी फिल्म 'बाहुबली' देखिएको छ । गत असार २५ गते शुक्रबारबाट विश्वभर एकसाथ रिलिज भएको बाहुबलीले पहिलो दिनमै ५० करोड भारू कमाएको बलिउडको एरिना डटकमले जनाएको छ ।

शनिबार र आइतबारसम्मको रेकर्डमा क्रमशः ३० र ३७ करोड कमाएर कीर्तिमान कायम गरेको छ । यस फिल्मले भारत बाहिरबाट मात्र ५० करोड कमाएको छ । भारतमा बाहुबलीले तीन दिनमा गरेको आम्दानी कुनै पनि हिन्दी भाषाका फिल्मले विदेशमा गरेभन्दा बढी भएको उक्त अनलाइनले जनाएको छ । यसअघि हिन्दी फिल्महरु पिके, क्रिस ३ , धूम ३ र ह्याप्पी न्यु इयरले विदेशबाट राम्रो कमाएका थिए । बाहुबलीले देशविदेशमा गरेर १ अर्ब ६७ करोड कमाइसकेको छ । अझै कमाउने क्रममा रहेको छ । हिन्दी, तमिल, मलयालम गरेर तीन भाषामा डब गरेर रिलिज गरिएको यस फिल्मले तीनै भाषामा रेकर्ड ब्रेक गरेको छ । हिन्दीमा मात्र फिल्मले तीन दिनमा २१ करोड भारू कमाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । २५० करोडमा बनेको दुई भागको यो फिल्मलाई भारतकै हालसम्मकै महँगो फिल्म मानिएको छ । दोस्रो भाग अर्को वर्ष रिलिज हुने बताइएको छ ।

फिल्मले व्यापारसँगै समीक्षकबाट पनि प्रशंसा बटुलेको छ । फिल्मले आएमडिबी रेटिङमा पनि ९.४ पाएको छ, जुन कुनै पनि भारतीय फिल्मले पाएमध्ये बढी हो । फिल्ममा प्रभास, राना दुग्गावति, तमन्ना र अनुष्का सेट्टीको अभिनय रहेको छ । फिल्मलाई एसएस रजामौलीले निर्देशन गरेका हुन् । महाभारत र रामायणको कथालाई मिश्रण गरी बनाएको फिल्मको सेट र भिजुयल इफेक्टस् विश्वस्तरीय रहेको छ । रजामौलीले यसअघि पौराणिक विषयवस्तुमै बनाएको फिल्म 'मागाधिरा' पनि उत्कृष्ट मानिएको थियो ।










# बगैँचाको बेग्लै सुविधा





तस्वीर : कविन्द्रमान शाक्य

टोजाइको रेष्टुरेन्ट खोज्ने क्रममा हट नेपाल टीम पाटनको जाउलाखेलस्थित बगैंचा रेष्टुरेन्ट एण्ड बार वीथ ब्यांक्वेटमा पुग्दा एउटा सूचनाले भित्रसम्म जान आकर्षित गऱ्यो । यु ड्रीक वी ड्राइभ (You Drink We Drive) लेखेको उक्त सूचनाले बेग्लै सन्देश दिइरहेको प्रतित भयो । विशेष गरेर रेष्टुरेन्टमा गएर धीत नमरून्जेल मादक पदार्थ सेवन गर्नेहरूले सवारी चलाउँदा विभिन्न दुर्घटना भइरहेको वर्तमान अवस्थामा त्यस्ता ग्राहकको सेवामा रेष्टुरेन्ट आफैले घरसम्म ड्राइभ गरिदिने सुविधा पाउनु भनेको चानचुने होइन ।

यस्तो सुविधा कमै रेष्टुरेन्टमा देखिएको अवस्थामा बगैंचा रेष्टुरेन्टमा पाइनु सकारात्मक कुरा हो । ४ रोपनी जग्गामा फैलिएको बगैंचा रेष्टुरेन्ट नाम अनुसार नै सुन्दर उपवन नै देखियो । सबैतिर हरियाली नै हरियाली देखिएको रेष्टुरेन्टमा माछापालनको पोखरीको रमणीय दृश्यले मनलाई मनमोहक बनाउने गरेको छ । अर्कोतर्फ काली माताको मन्दिर समेत भएबाट बगैंचामा आएर विवाह तथा व्रतबन्धजस्ता मांगलिक कार्य गर्न पनि सहज देखिन्छ ।

त्यसमाथि, बगैंचाका सेफहरु विभिन्न कन्टीनेन्टल, चाइनिज र इण्डियन फुडहरु बनाउन दक्ष भएको पाइयो । क्लाइन्टहरु आ-आफ्नै धुनमा खान व्यस्त बनेको पाइँदा






बगैंचा रेष्टुरेन्टमा स्वप्न बगैंचाको बेग्लै अनुभूति मिल्ने गरेको पाइयो । लायन्स तथा लियो क्लबका पदाधिकारी तथा विभिन्न स्कुलका फेयरवेल पार्टी पनि यसै बगैंचाको सेमिनार हलमा भइरहेको पनि देखियो । बस्नको लागि उपयुक्त तथा शानदार स्थान भएकोले विजनेश पर्सनको रोजाइ भएको बगैंचाका प्रवन्ध संचालक प्रेमराज अधिकारीको भनाई छ ।

ठमेलको कुनाको रेष्टुरेन्टदेखि अरबका विभिन्न देश तथा युरोपका रेष्टुरेन्टको दशौं वर्षको कार्यअनुभवको आधारमा संचालक अधिकारीको परिकल्पनामा संचालनमा आएको बगैंचामा बसेर खानुको बेग्लै मज्जा हुने गर्दछ । खानेकुरा सबै हाइजिनिक र स्वादिष्ट भएकोले यस बगैंचामा एकपल्ट प्रवेश गर्ने प्रायः सबै दोहोऱ्याएर आउने गरेको अधिकारीको दाबी छ। सबैखाले सुविधा रहेको बगैंचामा खानेकुरा पनि सुपथ मूल्यमै पाइने गरेको छ ।

दैनिकजसो केही न केही अफरको स्कीम राख्ने गरेको बगैंचामा मापसे गर्नेहरूलाई घरसम्म ड्राइभ गरेर पुऱ्याइदिने सुविधाले गर्दा पनि जो कोही बगैंचामा जान रहर गर्ने गरेको पाइन्छ ।





## सम्पर्क

**बगैचा रेष्टुरेन्ट एण्ड बार वीथ ब्यांक्वेट**

जाउलाखेल, ललितपुर
फोन- ०१-५५४८१४८

**कट ब्याडर उमेरले असी वर्ष कटिसकेकाले उनी किताब वा इन्टरनेट पढ्न सक्दैनन् । तर उनको भित्री ज्योतिको चमकले हरेक वनस्पति छामेर वा सुँघेर इतिश्री पढ्न/बताउन सक्छन् । अझ उनको दिमागमा भएको वनस्पतीय विश्वविद्यालयको त उनी सच्चा अध्येता हुन् । कृषिका हर कुराको उनी क्षणभरमै आधिकारिक जानकारी दिन सक्छन् । यस्ता फिरन्ते साधुलाई हामी नेपालीले बेलैमा चिन्न, बुझ्न र अनुशरण गर्न जान्नुपर्छ ।**



■ **दीपक लोहनी**

कुनै साधुजस्तो देखिने अवकाशप्राप्त एक अष्ट्रेलियाली कृषिविज्ञ कट ब्याडरलाई मैले केही वर्षअघि भेटें । विदेशीहरु मूलतः कुरिलो प्रेमी हुन्छन् । कुरिलोको बारेमा राम्रै गफ भयो हाम्रो । पछि विस्तारै राम्रो साथी भयौं हामी । अझ मेरो लागि त कृषिका केही विषयहरुमा उनी गुरू नै भए ।

कट ब्याडर एक फिरन्ते अन्वेषक हुन् । संसारका थुप्रै देशमा कृषि अवलोकन गर्दै सिक्दै र सिकाउँदै उनी आठ वर्षअघि नेपाल प्रवेश गरे । नेपाल प्रवेशपछि नेपालमै कृषिका अनेक प्रयोग र प्रयासहरु गरे उनले । लमजुङको विकट क्षेत्र ज्यामिरे भञ्ज्याङको थानसिङ नेटामा एक अर्गानिक प्रयोगशाला खोलियो । चारैतर्फ जंगलै जंगलको बीचमा रहेको २८ रोपनी क्षेत्रफलको त्यो खुला प्रयोगशालामा कट ब्याडरले जीवनोपयोगी अनेक वनस्पतिहरुको अध्ययन-अनुसन्धान गरे । म त्यसको प्रत्येक्ष साक्षी बनें ।


म बारम्बार कट ब्याडरलाई भन्ने गर्छु- 'हजुरबा, तपाईं वनस्पति क्षेत्रको जिउँदो विश्वविद्यालय हो ।' उनी यो कुरा सुन्छन् मात्र, प्रतिकृया जनाउँदैनन् । प्रतिकृयामा उनी नेपाल सुहाउँदो फरक वनस्पतिको बीउ नेपाल भित्र्याउने र सजिलो कृषिप्रविधि अपनाउनु पर्नेमा जोड दिन्छन् । यसै सिलसिलामा उनले अफ्रिकाको जंगलमा पाइने क्यान्सर प्रतिरोधात्मक तत्व प्रचुर भएको अफ्रिकन

# बोटानिकल बाबा











काँक्रोको बीउ भित्र्याए । अहिले हामीले यसको सफल परिक्षण सहित खेती विस्तार गरेका छौं ।

हरियो कुरिलोबाट एक कदम अघि बढेर बैजनी कुरिलो ९एगचउभि ब्कउबचबनगक० को खेती गरिएको छ । यदि आगामी दिनहरूमा बैजनी कुरिलो बजारमा देखिन थाल्यो भने त्यसको श्रेय अगुवा कृषक र कट ब्याडरलाई दिनु पर्छ ।


नेपालमा रासायनिक मलको ठूलो अभाव छ । बर्सेनि करोडौं रूपैयाँ रासायनिक मलको नाममा बाहिरिन्छ । अर्गानिक मलको अभाव झन् कहालीलाग्दो छ । यस्तो अवस्थामा कट ब्याडरले कम्फ्ली (Comfrey) वनस्पतिको अवधारणा ल्याए । यसको पातबाट बन्ने मल नेपाली माटोमा सफल परिक्षण भएको छ । धान खेतीमा रासायनिक मलको सट्टा जिउँदो माछालाई मलको रूपमा प्रयोग गरिने उनको अवधारणा हामी कुवाको भ्यागुतोलाई पत्याइनसक्नु हुने छ । तर यसको पनि सफल परीक्षण भइसकेकाले अब पत्याउन करै लाग्छ ।



माछा पाल्ने अनौठो पोखरी, ढुङ्गाको पाउडर मल, रंगीबिरंगी आलुहरूको खेती, कालो मासु हुने कुखुरो, बाघ र बाँदर रोक्ने/छेक्ने प्राकृतिक बार, आकाशको नाइट्रोजन मल माटोलाई उपलब्ध गराउने थाँत्रो आदि/इत्यादि कट ब्याडरको अनेक युक्ति/जुक्तिहरु हुन्, जुन नेपाली कृषिमा नितान्त नौलो तर अत्यधिक प्रभावकारी छन् ।

कट ब्याडर उमेरले असी वर्ष कटिसकेकाले उनी किताब वा इन्टरनेट पढ्न सक्दैनन् । तर उनको भित्री ज्योतिको चमकले हरेक वनस्पति छामेर वा सुँघेर नै त्यसको इतिश्री पढ्न/बताउन सक्छन् । अझ उनको दिमागमा भएको वनस्पतीय विश्वविद्यालयको त उनी सच्चा अध्येता हुन् । कृषिका हर कुराको उनी क्षणभरमै आधिकारिक जानकारी दिन सक्छन् । यस्ता फिरन्ते साधुलाई हामी नेपालीले बेलैमा चिन्न, बुझ्न र अनुशरण गर्न जान्नु पर्छ । नत्र उनी यहाँबाट सजिलै फिरे भने उनी जस्तै बोटानिकल बाबा भेट्न हामीले अर्को समय कुर्नु पर्ला कि ?





पर्यटन व्यवसायी अर्जुन अधिकारीको यतिखेर प्रायः समय भूकम्पपीडितहरूका लागि घर तथा टहरा बनाउने कार्यमा नै व्यतित भइरहेको छ । काठमाडौंको पौराणिक नगरी साँखुमा जापानको अमिरा कलेक्सनको अनुदान सहयोगमा २१ वटा घर-टहरा निर्माण गरेर भूकम्प पीडितहरूलाई हस्तान्तरण गर्ने कार्य अधिकारीबाट भएको छ । यसको अलावा भूकम्पले घरबारविहीन बनाएकाहरूको जीवनस्तर उकास्ने कार्यमा विभिन्न सीपमूलक कार्य गर्न र गराउनमा व्यस्त अधिकारी नयाँ नेपाल बनाउने अभियानमा होम्मिएका छन् । अधिकारी आफूसँग परिवारलाई दिने समय समेत नभएको बताउँछन् ।

तीन दशकदेखि नेपालको पर्यटन व्यवसायमा संलग्न रहँदै आएका अधिकारीले नेपाललाई जापानमा प्रवर्द्धन गर्ने कार्यमा निकै मद्दत गरेका छन् । जापानी पर्यटकलाई नेपाल ल्याएर नेपालका विकट गाउँ-ठाउँमा पुऱ्याएर त्यहाँको विकास कार्यमा जापानीहरूलाई संलग्न गराउने कार्यमा उनले सफलता पाएका छन् । कुनैबेला काठमाडौंको लाजिम्पाटमा फेमिली गेष्ट हाउस संचालन गरेर जापानीहरूलाई उच्चस्तरीय सेवा पुऱ्याएका उनले सोही गेष्ट हाउसको सिस्टर अर्गनाइजेसनको रूपमा फेमिली सोसियल सर्भिस तथा अपाङ्ग सेवा समाज नामक दुई संस्था खोलेर नेपालका विकट स्थानहरूमा स्कुलका भवन

# पर्यटन प्रवर्द्धनमा अर्जुनदृष्टि

निर्माण गर्ने तथा भौतिक सामग्री वितरण गर्ने लगायत असहाय तथा अपाङ्गहरूको लागि सहयोग बाँड्ने कार्य उनीबाट भएको थियो । जापानी अपाङ्ग कवि एवम् साहित्यकार किसीमोतोको चाहना बमोजिम पोखरामा किसीमोतो स्कुल स्थापना गरेर गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई निःशुल्क शिक्षादीक्षा दिने कार्यमा सहयोगी भूमिका निर्वाह गरेका अधिकारीलाई अझै पनि पोखरेलीहरूले बिर्सेका छैनन् । हाल लाजिम्पाटमा नै हिमालय ड्रीम हाउस नामक उच्चस्तरीय होटल खोलेर विशेषतः नेपालमा रहेका विभिन्न उच्चस्तरीय विदेशी नियोग तथा दूतावासमा कार्यरत कर्मचारीलाई लक्ष्यित गरेर सेवा पुऱ्याउने कार्य गर्दै आएका छन् ।

हिमालय ड्रीम हाउसमा अधिकारीको पारिवारिक हस्पिटालिटीले विदेशी नियोग तथा दूतावासका अतिथिहरु निकै सन्तुष्ट पाइएको छ । अधिकारी ठूलै पर्यटन व्यवसायी भए पनि आफूकोमा आउने विदेशी पाहुनाहरूको लागि आफ्नै हातले भात-भान्छा तयार पार्ने उनको बेग्लै कला रहेको छ । हिमालय ड्रीम हाउस पुगेपछि प्रायः समय नै उनको किचेनमा बित्ने गरेको छ । उनकी पत्नी सविता पन्त अधिकारीले त्यस कार्यमा निक्कै सघाउँदै आएकी छन् ।

बाहिरको कार्यमा उनी व्यस्त हुने समयमा प्रायः हिमालय ड्रीम हाउसको कार्यको सबै जिम्मेवारी सविताले नै लिने गरेकी










छन् । टुरिज्म हस्पिटालिटी र जापानी, चाइनिज र कन्टिनेन्टल फुडमा विशेषज्ञता हासिल गरेका अधिकारका दुई छोरा अतित र अमित पनि बाउको काँधमा काँध मिलाएर व्यवसायमा जम्ने कोसिसमा रहेका छन् । एकमात्र छोरी अनिशा अमेरिकामा आइटी म्यानेजमेन्ट पढिरहेकी छन् । बुद्ध आइ कन्स्ट्रक्सन, मैदान फुटसल र पोखराको बाँस्किन रोबिनस् आइसक्रिम र पोलो ट्राभल्सको विजनेश दुई छोरालाई जिम्मेवारी दिएका छन् । छोराहरूको उक्त विजनेशमा देखिएको मेहनतले उनी मक्ख परेका छन् ।

सन् २००८ को जुन महिनाबाट २०१३ को डिसेम्बर महिनासम्म अन्तर्राष्ट्रिय आप्रवासी संगठन (IOM) को अप्रेसन इस्कर्ट पदमा कार्यरत भएर पाँच वर्षको अवधिमा २४ पल्ट अमेरिका आतेजाते गर्ने भाग्यमानीमा पनि उनी परेका छन् । यस अवधिमा IOM मार्फत ७ सय २० जना नेपालमा रहेका भुटानी शरणार्थीहरूलाई अमेरिकामा बसोवास गराउने कार्यमा उनी सहयोगी बनेर कार्य गरेका थिए । अमेरिकी सरकारले नेपालमा रहेका भुटानी शरणार्थीहरूलाई त्यहाँ राम्रो व्यवस्था गरेको उनले बताएका छन् ।

लामो संघर्ष र दुःख तथा मेहनतले बनेका ४८ वर्षीय अर्जुन अधिकारी बिहान ५ बजे नै उठ्ने गर्छन् । उठेर घर तथा हिमालय ड्रीम हाउसको रेखदेख तथा दिनभरको कार्ययोजना बनाउने र दिनभर विभिन्न सामाजिक कार्यमा व्यस्त हुने उनको नियमित रूटिङ नै रहेको छ । प्रायः राति ढिलोमा १२ बजे र चाँडोमा ११ बजे सुत्ने बानी उनको छ । सफलताको रहस्यमा मेहनत, इमान्दारिता र झूठो नबोल्नु नै रहेको उनी बताउँछन् ।

■ **श्याम स्मृत**



• रमिता श्रेष्ठ
ब्युटी एक्सपर्ट

# मेहन्दीको महत्व



साउन महिनालाई मेहन्दीको महिना पनि भन्ने गरिन्छ । साउनमा मेहन्दी लाउने प्रचलन केही वर्षयता नेपालमा पनि आएको छ । मेहन्दीले शरीरका विभिन्न रोगलाई निर्मूल पार्ने विश्वास रहेको छ । अर्कोतर्फ सौन्दर्य प्रवर्द्धनको मूल माध्यमको रूपमा हिजोआज यसलाई लिइने गरेको छ । भारततिर त विवाह, करवाचौथ जस्ता मांगलिक कार्यहरूमा मेहन्दी लगाउने शुभलाभको प्रतीक नै मान्ने गरिएको छ ।

नेपालमा पनि विभिन्न पर्व-विशेषहरूमा मेहन्दी लगाउने प्रचलनको रूपमा नै विकास भएको पाइएको छ । साउन महिनामा त अझ मेहन्दी लाएमा छालाका विकार हट्ने विश्वास छ । मेहन्दीलाई शारीरिक सुन्दरताका लागि टाटु जस्तो बनाएर लाउने हिजोआज ठूलै फेसन नै हुन थालेको छ । पहिला पहिला मेहन्दी हात तथा खुट्टामा मात्र लाइने भए पनि हाल आएर घाँटी, पिठ्यु लगायतका शरीरका विभिन्न स्थानमा पनि लगाइने गरेको छ । नजानेमा मेहन्दी लाउने कार्य कठिन जस्तो देखिए पनि जानेपछि यो त्यति कठिन भने छैन । विधि र तौर-तरिका मिलाएर लगाउन जान्नु पर्दछ । मेहन्दी लाउनुको मज्जा नै बेग्लै हुन्छ । यसले शारीरिक सुन्दरतामा थप चाँद थपिदिने गर्दछ ।

## आवश्यक सामग्री

हरियो मेहन्दी, चियापत्ती, उमालेको पानी आवश्यकता अनुसार । मलमलको कपडा, मेहन्दी तेल, चिनी र कागतीको घोल, कुप्पी (सोली)का लागि नरम प्लाष्टिक, सेलोटेप र कैंची ।

## विधि

- मेहन्दीको धुलोलाई मलमलको कपडामा राखेर ३-४ पटक छान्ने । मेहन्दीको तेल ४ थोपा, तातो पानी आवश्यकता अनुसार राखेर पेष्ट बनाएर कम से कम २ घण्टासम्म भिजाएर राख्ने ।
- मेहन्दी भिजाउन प्रयोग गरिएको पानीमा चियापत्ती र इमली राख्न सकेमा अझ राम्रो हुन्छ ।
- मेहन्दी लगाउनु अगाडि कागती र चिनीको लोसन तयार गर्ने ।
- प्लास्टिकको कोण बनाएर मेहन्दी त्यसमा भर्ने ।
- अब उक्त प्लास्टिकको कोण कुप्पीमा मेहन्दी भरेपछि रबरले टम्म बाँध्ने ।

## तरिका

- हात राम्ररी धोएर पुछ्ने । मेहन्दी लगाउने हातमा मेहन्दी तेल लगाउने ।
- नाडीबाट मेहन्दी लगाउने र त्यसलाई सुक्न दिने । सुक्दै जाँदा जहाँ-जहाँ मेहन्दी सुकेको छ, त्यहाँ ३ पटकसम्म कागती र चिनीको लोसन लगाउने ।
- मेहन्दी लगाएको ठाउँमा पानी पर्न नदिने र सकेसम्म गरम कुराबाट टाढा रहने । घामबाट बच्ने ।
- तीन-चार घण्टापछि मेहन्दी सुक्छ । सुकेको मेहन्दीलाई चक्कु उल्टो पारेर वा अन्य वस्तुको सहायताले खुर्कने ।
- शुद्ध तोरीको तेल प्रयोग गर्ने । नभएमा शुद्ध घ्यू लगाएर रातभर खुल्ला राख्ने । बढीमा ७ घण्टासम्म पानी पर्न नदिने ।
- मेहन्दी लगाएको हातलाई ल्वाङको धुलोलाई तावामा राखेर माथिबाट हात राखेर सेक्ने । यसो गरेमा मेहन्दी अझ कालो तथा बाक्लो हुने गर्दछ र आकर्षक पनि हुने गर्दछ ।

## फाइदा



- आगोले पोलेर जलन भएको बेलामा मेहन्दीको पातलाई पिसेर उक्त स्थानमा त्यसको लेप लगाउनाले तुरून्त आराम मिल्ने गर्दछ ।
- उच्च रक्तचाप अर्थात ब्लड प्रेसरका रोगीहरूले नियमित रूपमा मेहन्दीको लेप पैताला तथा हत्केलामा लगाएमा हात-गोडा झमझमाउँदैन ।
- निन्द्रा नलाग्नेहरूको बेड रूपममा मेहन्दीको फूलहरु छरेर सुत्ने गरेमा निद्रा मज्जाले आउने गर्दछ ।
- मुखभित्रको छालामा घाउ तथा दाँतको गिजा सुन्निनेहरूले मेहन्दीको रसको पानीले कुल्ला गर्ने र मेहन्दीको पातलाई पान चपाएजस्तो गरेर चपाउने गरेमा ठीक हुन्छ ।
- छारे रोगीले दूधमा मेहन्दीको रस फिटेर पिउने गरेमा लाभ हुन्छ ।



डा. रामप्रसाद पोखेल

# गर्मीमा आँखाको सुरक्षा

**सौन्दर्यका साथै गर्मी मौसममा उग्र तातो घामबाट बच्न पनि गगल्सको आवश्यकता पर्छ। उग्र तातोपनले देख्न तिरिमिरी मात्र होइन मोतिया विन्दु पनि चाँडै हुन सक्छ। त्यसैले असर गगल्सको प्रयोग गर्दा आँखाको सुरक्षामा सहयोग पुग्छ।**

आँखा भगवान्को अनुपम वरदान हो । देख्न नसके संसार अन्धकारमय हुन्छ र बाँच्नुको कुनै सार हुँदैन । दुवै आँखा नदेखी अरूको आश्रयमा बसेका असहाय व्यक्तिले जब शल्यक्रियापछि दृष्टि पाउँछन्, उनीहरूको खुसी शब्दमा वर्णन गर्न सकिंदैन । उनीहरूमा स्वतः निःसृत हुने अधुर मुस्कानले साहस र आत्मविश्वास आएको थाहा हुन्छ ।

आँखाको दृष्टि सुरक्षित राख्न सरसफाइ र नियमित जाँचका साथै पौष्टिक आहारको पनि त्यत्तिकै जरूरत पर्छ । दिनहुँ सुत्ने बेलामा सफा पानीले आँखा धुने बानी बसाल्न सके आँखामा भएको पिप भ्रँीगाबाट एक व्यक्तिको आँखाबाट अर्को व्यक्तिको आँखामा सर्न पाउँदैन । सरकारी र गैरसरकारी विभिन्न संघसंस्थाको पहलमा पछिल्लो समय आँखा सम्बन्धी जनचेतनामा निकै वृद्धि भएको छ । नेपालमा देखिएको अन्धोपनको दोस्रो प्रमुख कारण ट्रकोमा यही आँखाको सरसफाइबाट निर्मूल हुन गएको छ ।

सौन्दर्यका साथै गर्मी मौसममा उग्र तातो घामबाट बच्न पनि गगल्सको आवश्यकता पर्छ । उग्र तातोपनले देख्न तिरिमिरी मात्र होइन मोतिया विन्दु पनि चाँडै हुन सक्छ । त्यसैले असर गगल्सको प्रयोग गर्दा आँखाको सुरक्षामा सहयोग पुग्छ ।

आँखा हाम्रो शरीरको प्रतिनिधिमूलक अंग भएकोले शरीरको अरू जुनसुकै भागमा विकृति भए वा रोग लागे त्यो आँखामा देखिन्छ । उग्र रक्तचाप होस् वा मधुमेह, किड्नीको रोग होस् वा ब्रेन ट्युमर वा मेनेनजाइटिस, यो सबैको असर आँखमा पर्छ । अझ गर्मी अवस्थामा वा जुनसुकै अंगको क्यान्सर भए पनि त्यसको असर आँखमा पर्छ । त्यसैले अन्य जुनसुकै रोग लागे पनि आँखाको यो संवेदनशीलतालाई ध्यान दिई आँखाको समेत जाँच गराउनु पर्छ । अझ ४० वर्षपछि थाहा नपाई अन्धो हुने अवस्था जलविन्दुमा त बरोबर आँखाको जाँच गराइरहनु पर्छ ।





तस्वीर : कविन्द्रमान शाक्य

आँखाले नै चोरी चोरी प्रेम पनि गर्छ । 'यस' वा 'नो' पनि गर्छ, सहमति विमति पनि दिन्छ । आँखाको इशारामा तपाईं ढुक्क पनि हुनुहुन्छ र यही सुन्दर मृगनयनमा तपाईं लोभिनुहुन्छ । व्यक्तिलाई लोभ्याउने प्रमुख अंग पनि आँखा नै हो । आँखामा मिलाएर लगाएको गाजलले पनि व्यक्तिको सुन्दरतामा प्रकाश पार्छ तर होस नपुऱ्याए चोट पनि लाग्न सक्छ र कसैलाई एलर्जी पनि हुनसक्छ । सावधानीपूर्वक गाजल लगाए कामुकता बढाइदिन्छ ।

*(वरिष्ठ नेत्र विशेषज्ञ, काठमाण्डू मेडिकल कलेज)*

# माइक्रोम्याक्सका तीन मोडल



नेपालमा विशेष गरेर मोबाइल सेवा सुरू भएदेखि चिनियाँ मोबाइल सेटहरूकै बोलवाला रहेको छ । सस्तो र सुलभ हुने भएकाले चिनियाँ मोबाइल सेटहरूको माग बढेको हो । युगअनुसार मोडीफाइड भएर विभिन्न मोडलहरूको हाल बजारमा प्रतिस्पर्धा नै रहेको बालाजुस्थित डिआर मोबाइल हाउसका प्रोप्राइटर रमेश रसाइलीले बताएका छन् ।

प्रोप्राइटर रसाइली पहिला सामान्य मोबाइल प्रयोग गर्नेहरु पनि सबैखाले सुविधा भएका एन्ड्रोइड मोबाइल प्रयोग गर्नेहरूको कमी नभएको बताउँछन् । उचित र टिकाउ खोज्नेहरु भारतीय तथा अन्य मुलुकबाट आउने गरेका ब्रान्डेड मोवाइल खरिद गर्न रूचाउने गरेको जानकारी रसाइली दिन्छन् । यद्यपि, चिनियाँ मोबाइलको बोलवाला भएको नेपाली ग्याजेट मार्केटमा यतिखेर भारतीय मोबाइल ब्रान्ड माइक्रोम्याक्सको पनि प्रवेश भएको छ । कम्पनीले माइक्रोम्याक्स बोल्ट डी २००, माइक्रोम्याक्स बोल्ट क्यू ३३५ र माइक्रोम्याक्स क्यानभास निट्रो इ ३११ गरेर तीन मोडल नेपाल भित्र्याएको छ । माइक्रोम्याक्स क्यानभास निट्रो इ ३११ मा ४.४.२ एन्ड्रोइड टिकक्याट ओएस अपरेटिङ सिष्टम रहेको छ भने १.४ गीगाहर्ज अक्टाकोर प्रोसेसर रहेकको छ । जसले गर्दा यो मोडल अघिल्ला मोडलको तुलनामा छिटो चल्छ । यसमा ५ इञ्चको गोरिल्ला ग्लास थ्री भएको एचडी आइपीएस टचस्क्रिन रहेको छ । यस मोडलमा क्यामेरालाई उच्च प्राथमिकता दिइएको छ । यसको पछाडि १३ मेगापिक्सेल क्यामेरा रहेको छ भने अगाडि ५ मेगापिक्सेल क्यामेरा रहेको छ ।

यसले गर्दा उत्कृष्ट तस्वीर तथा भिडियो खिच्न सकिन्छ । यसमा २ जीबी ऱ्याम, १६ जीबी रोम, ३२ जीबीसम्म मेमोरी विस्तार गर्न सकिने, २४०० एमएएच क्षमताको ब्याट्री लगायतका सुविधाहरु रहेका छन् । यस मोडलमा ७.५ मिमीको सिल्क फर्म फ्याक्टर रहेको छ । यसले फोनलाई झनै आकर्षक बनाएको छ । कम्पनीले यो मोडल स्टाइल र पावरको राम्रो मिश्रण मानेको छ । नेपाली बजारमा निट्रो इ ३११ को मूल्य २१ हजार १ सय २० रूपैयाँ रहेको कम्पनीले जनाएको छ ।

अर्को माइक्रोम्याक्सको बोल्ट क्यू ३३५ मोडल पनि ४.४.२ एन्ड्रोइड किटक्याट ओएस अपरेटिङ सिष्टममा चल्छ । यसमा ४.५ इञ्चको डब्लूभीजीए स्क्रिन र १.२ गीगाहर्जको प्रोसेसर रहेको छ । यस मोडलमा ५१२ एमबी ऱ्याम र ४ जीबी रोम रहेको छ, जसलाई ३२ जीबीसम्म विस्तार गर्न सकिन्छ । ५ मेगापिक्सेल रियर क्यामेरा, २ मेगापिक्सेल फ्रन्ट क्यामेरा रहेको यस मोडलमा थ्रीजी, वाईफाई, ब्लूटुथ, युएसबी, १६५० एमएएच क्षमताको ब्याट्री लगायतका सुविधाहरु रहेका छन् । यसको मूल्य नेपाली बजारमा ८ हजार ४ सय ७० रूपैयाँ रहेको छ ।

माइक्रोम्याक्स बोल्ट डी २०० मोडल भने कम्पनीको सबैभन्दा नयाँ डुअल सीमफोन हो । यसमा १.३ गीगाहर्जको डुअल प्रोसेसर रहेको छ भने ३.३ इञ्चको एचभीजीए स्क्रिन, ४.४.२ एन्ड्रोइड किटक्याट अपरेटिङ सिष्टम रहेको छ । यसका साथै ५१२ एमबी ऱ्याम, ५१२ एमबी रोम, ०.३ एमी रियर क्यामेरा, ०.३ एमपी फ्रन्ट क्यामेरा लगायतका सुविधाहरु रहेका छन् । यसको मूल्य नेपाली बजारमा ५ हजार ८२ रूपैयाँ रहेको छ ।



# महिन्द्राको विद्युतीय कार
# महिन्द्रा इटुओ

मूल्य : रु. २४ लाख ३५ हजार

**विशेषता**

- मोबाइल एपबाटै गाडी लक
- तालिकाअनुसार सर्भिसिङ गर्नु नपर्ने
- मोबिल धेरै चेन्ज गर्नु नपर्ने
- सडक कर तिर्नु नपर्ने

छोटो अवधिमा नै भारतीय ख्यातिप्राप्त मोटर उत्पादक कम्पनी महिन्द्राको विद्युतीय कार महिन्द्रा इटुओले नेपाली बजारमा लोकप्रियता कमाएको छ । नेपाली बजारमा आएको छोटो समयमा नै नेपालीहरूको मन जित्न सफल भएको नेपालका लागि महिन्द्रा इटुओका आधिकारिक विक्रेता अग्नि इनर्जीकी प्रवन्ध निर्देशक सुजन श्रेष्ठको दाबी छ ।

निर्देशक श्रेष्ठले महिन्द्रा इटुओ ब्रान्डमा उपलब्ध सानो आकारका जडित प्रविधि र सुविधाबाट उपभोक्ता निकै सन्तुष्ट पाएको बताएकी छन् । काठमाडौंको व्यस्त सडक सुहाउँदो यी बिद्युतीय कार प्रयोगकर्ता इन्धनको लामो लाइनमा बस्नु पर्दैन, न त पेट्रोल र डिजेलको जस्तो महंगो संचालन खर्च, न त नियमित मर्मत सम्भारको झन्झट नै । यही आकर्षणका कारण धेरैजसो महिला उद्यमी, चिकित्सक, कूटनीतिक नियोग, गैरसरकारी संस्था लगायतको रोजाइमा विद्युतीय कार परेको प्रबन्ध निर्देशक श्रेष्ठको दाबी छ । वितेको दुई वर्षमा झण्डै १ सय ७० वटा यी मोडलका गाडी विक्री गरिसकेको जानकारी उनले दिइन् ।

श्रेष्ठका अनुसार महिन्द्राको इटुओ कार डिजेल र पेट्रोलबाट चल्ने अन्य कारभन्दा निकै स्मार्ट छ । यसमा अत्याधुनिक सुविधा उपलब्ध छन् र अन्य कारभन्दा सुरक्षित पनि छ । सम्पूर्ण कम्प्यूटर जडित कार भएकोले यसको बेग्लै महत्व छ । गाडी लक गर्न बिर्सिएको खण्डमा मोबाइल एपबाटै लक गर्न सकिन्छ । पार्किङमा राखेको गाडीलाई चिसो वा तातो बनाउन अफिसमै बसेर एसी अन गर्न सकिने सुविधा रहेको छ । जसले गर्दा गाडी चालक गाडीसम्म पुग्दा गाडी वातानुकुलित बनिसकेको हुन्छ ।

महिन्द्रा इटुओ ५ घण्टा चार्ज गरेपछि १२० किलोमिटर दौडिन्छ । यसको मूल्य नेपाली बजारमा २४ लाख ३५ हजार रूपैयाँ रहेको छ । गाडीको सुरूवाती मूल्य केही महंगो भए पनि यसको सञ्चालन खर्च भने अत्यन्तै कम हुने कम्पनीले जनाएको छ । एक रूपैयाँमा एक किलोमिटर कुद्न सकिन्छ । तेलबाट चल्ने कारजस्तै यसलाई तालिकाअनुसार सर्भिसिङ गरिरहनु पर्दैन । साथै, मोबिल पनि चेञ्ज गर्नु पर्दैन । वर्षको एकपटक सर्भिस सेन्टरमा चेक गराए पुग्छ । नेपाल सरकारले विद्युतीय कारलाई प्रवर्द्धन गर्ने नीति लिएका कारण यो कार चढ्ने ग्राहकले सडक करसमेत तिर्नु पर्दैन । अन्य कर पनि पेट्रोल वा डिजेल इन्जिनयुक्त गाडीले भन्दा आधा तिरे पुग्छ ।

# मास्कोका पार्कमा घुमफिरको आनन्द

## रूसको

तस्वीर : डा. भीष्म आचार्य

राजधानी मास्को ग्रीष्मकालमा हराभरा पार्कभित्रै रहेको महानगरी प्रतीत हुन्छ । नगरका राजमार्गहरूको अगलबगलमा रोपिएका रूखहरूको हरियालीलाई विभिन्न स्थानमा बनाइएका क्यारीहरूमा रोपिएका रंगीविरंगी फूलका बोटहरूले झन् मनमोहक तुल्याइदिन्छन् । पहिले मास्कोको केन्द्रमा रहेको आर्बात सडकमा सोभियत कालमै शहरी यातायातका साधनहरु गुडाउन रोक लगाएर मानिसहरूका लागि घुमफिर गर्ने विश्रामोद्यानमा परिणत गरिएको थियो भने पछिल्लो समयमा त अन्य कतिपय केन्द्रीय सडकहरूलाई समेत आरामदेह मेचहरूले समेत सजाएर निकै मनमोहक विश्रामोद्यान तुल्याइएको छ । साँझपख बिजुलीबत्तीहरूको झिलिमिली समेत देख्न पाइने हुँदा त्यहाँ घुमफिर गर्ने नगरवासीहरु र पर्यटकहरूको घुइँचो लाग्दछ । यसका अतिरिक्त मास्कोमा विश्वप्रसिद्ध केन्द्रीय गोर्की पार्कको भव्यताको त कुरै नगरौं, शहरका विभिन्न इलाकामा रहेका ठूला-साना सैयौं पार्कहरूमा पनि ग्रीष्मयाममा घुमफिर गर्नु निकै रमाइलो हुन्छ ।

मास्कोको दक्षिण-पश्चिम क्षेत्रको जुन इलाकामा म बस्छु, त्यो निकै हराभरा छ । मेरो निवासस्थानको तीनैतिर पार्कहरु रहेका छन् । म बस्ने भवनको छेवैमा जुन पार्क रहेको छ, यसलाई भोरोन्चोभ्स्की पार्क भनिन्छ । यहाँ केटाकेटीहरूका लागि क्रीडास्थलसहित मन बहलाउने राम्रो व्यवस्था गरिएको छ भने उमेरदारहरूका लागि पनि मनोरञ्जन र आराम-विश्रामको व्यवस्था छ । यहाँका ५ पोखरीहरूमध्ये ठूलो पोखरीमा नौकाबिहार समेत गर्न सकिन्छ । फूलका क्यारीहरूले सिंगारिएको उद्यानपथको अगलबगलमा आरामदायी बेन्चहरु राखिएका छन् । ग्रीष्मयाममा र हिउँदमा पनि यसै चिटिक्क परेको पार्कमा म अक्सर बिहान र यदाकदा दिउँसो पनि घुम्न र आराम लिन जाने गर्दछु । यसै पार्कको एकातिर मेरो निवासस्थान छ भने अर्कोतिर डा. भीष्म आचार्यको निवासस्थान छ । ग्रीष्मयाममा हामी यसै भोरोन्चोभ्स्की पार्कमा घुमफिर गर्न जान्छौं वा कतै एकान्तस्थल रोजेर रूखको छहारीमा बसेर विश्राम गर्छौं । सप्ताहान्तमा अक्सर हामी यहाँ आराम गर्न पुग्छौं ।

भोरोन्चोभ्स्की पार्कमा गत जुलाई ५ का दिन अपरान्हमा पार्क घुम्न जाँदा बैण्डबाजाको धून बजिरहेको केन्द्रीय चौरमा काज्जाक पोशाकमा कम्मरमा तरबार भिरेका र हातमा रंगीचंगी झण्डा बोकेका घोडचढीहरु देखिए भने चौरको चारैतिर दर्शकको रूपमा त्यहाँ सप्ताहान्त मनाइरहेका मास्कोवासीहरूको भीड जम्मा भइसकेको थियो ।

सुरूमा नेपाली पाठकवृन्दलाई काज्जाकहरूकै संक्षिप्त परिचय दिन चाहन्छु । स्वतन्त्रताप्रेमी काज्जाक समूह स्लाभमूलको एक यस्तो सामाजिक समुदाय हो जो पन्ध्रौं-सत्रौं शताब्दीमा रूस साम्राज्यको छेउछाउतिर केन्द्रित थियो र पछि अन्यत्र पनि फैलियो । यो जनसमूह सुरूमा रूस र वर्तमान युक्रेनको स्तपी तथा वनप्रदेशतिर स्वच्छन्द जीवन बिताएर बस्ने गर्दथ्यो । शिकार खेल्नुका साथै खेतीपातीमा समेत संलग्न यो जनसमूह स्वच्छन्दताप्रेमी र लडाकू चरित्रको पनि हुनाले जारकालीन रूसमा कज्जाकहरूलाई सीमा रक्षाको जिम्मा लगाइएको थियो । रूस साम्राज्यमा पनि काज्जाकहरूका प्रतिनिधिहरूबाट गठित सैनिक टुकडीहरूले टर्कीका सुल्तानविरूद्ध युद्धलगायत विभिन्न संग्रामहरूमा भाग लिएका थिए । सन् १९३० को दशकतिर सोभियत नेतृत्वले काज्जाक समुदायलाई नृवंशात्मक सांस्कृतिक समूहको





रूपमा मान्यता प्रदान गरेको थियो । यस तथ्यले काज्जाकहरूको माझमा सोभियत सत्ताप्रति विश्वास जागेको थियो । आक्रामक जर्मन सेनाको विरूद्ध महान् देशभक्तिपूर्ण युद्धमा काज्जाकहरूले ठूलो वीरताको प्रदर्शन गरेका थिए ।

गत ५ जुलाईका दिन चाहिँ भोरोन्चोभ्स्की पार्कमा महान् देशभक्तिपूर्ण युद्धमा विजयप्राप्तिको ७० वर्ष पूरा भएको सन्दर्भमा क्रेमलिनको अश्वारोहण स्कूलका उत्कृष्ट घोडचढीहरु काज्जाकको भेषमा आफ्नो कलाको प्रदर्शन गर्न भेला भएका रहेछन् । सर्वप्रथम घोडचढीहरूले मास्कोदेखि सेभास्तोपोल (क्रिमिया) र मीन्स्क (बेलारूस) देखि कीभ (युक्रेन) सम्मका अर्थात् पूर्व सोभियत संघका सबै वीरनगरीहरूको झण्डा फहराउँदै घोडा कुदाएका थिए । घोडा दौडाउँदै तरबार चलाउने जस्ता सामरिक कलाको पनि प्रदर्शन गरिएको थियो । हरेक अश्वारोही प्रदर्शनको समयमा माइकबाट रूसको सामरिक विजयको वर्णन पनि सुनाइँदै थियो । क्रेमलिनका घोडचढीहरूको विभिन्न प्रदर्शनका साथै दर्शकहरूले ताली बजाएर समर्थन र कृतज्ञता जनाउने गरेका थिए । त्यतिखेर म त्यहाँ हाम्रो घोडेजात्राको सम्झनामा डुबिरहेको थिएँ भने डा. भीष्म आचार्य त्यो रमाइलो घोडचढी खेलको फोटो खिच्नमा व्यस्त थिए ।

■ **कृष्णप्रकाश श्रेष्ठ**










Radisson
Spa
Lazimpat
Keki Karki Director
9860347482, 9803629952
Email:radisson.spanepal@gmail.com, Facebook:radisson.spanepal@gmail.com




बागमती स्वीट्स
यहाँ पार्टी तथा
सेमिनारका लागि
लञ्च बक्सको विशेष
सुविधा उपलब्ध छ ।
आँखा अस्पताल नजिकै
गणेश मन्दिर पछाडि
त्रिपुरेश्वर, काठमाडौं
फोन : ४२६०२५३,
४२६००५७

QUALITY
PRINTING
True Colors
Ramesh Kishor Shrestha
Active
Printing Press Pvt. Ltd.
Galkopakha-29, Thamel
P.O. Box 4665, Kathmandu, Nepal
Tel: 014022672, 4022656, 016223388
Fax: 977-1-4022656
Mobile: 9851036354
Email: activepress2010@gmail.com
Webside:activepringpress.com
HEIDELBERG













capitalFM™
92.4 cent percent yours.....

Capital FM 92.4 MHz (Malikarjun FM Pvt. Ltd.)
P.O.Box 11276, New Baneshwor, Kathmandu
Phone +977-1-4475345, 4475346
Fax: +977-1-4475344, E-mail: info@cfmonair.com

www.cfmonair.com





# धितै नमर्ने घुमाइ

**उत्तम भौकाजी**

जून ८ मा हानेदा एयरपोर्ट उत्रदा जापानको समय अनुसार बिहानको ७ बजिसकेको थियो । रातभरको उडानले थकित मेरा आँखाहरु पुरै लोलाएका थिए । काठमाडौंबाट बैंककसम्म आइपुग्दा मैले टोकियो शहरबारे एउटा खाका कोरिसकेको थिएँ । बैंककको ७ घण्टे ट्रान्जिट समयलाई मित्र कपिल थापाको कफी गफले छोट्याइसकेको थियो । काठमाडौंबाट सँगै गएका मेरा नोबेल ग्रुपका साथी सुरेन्द्र श्रेष्ठ, नवराज पाण्डे, डा. सुनिता भण्डारी र के.एन. शर्मा सबै एक से एक फ्रेस मुडमा देखिन्थे । रातको १२ बजे हामी चढेको विमान जूनकीरीझैं पिलिक्क पिलिक्क गर्दै उड्यो टोकियोतर्फ ।

लौ ! आइपुगेछ टोकियो शहर । बेल्ट बाँध्न गरेको आग्रहसँगै म झस्याङ्ङ ब्युँझन पुगेछु । प्लेनको आँखीझ्यालबाट बाहिर हेरेँ, विशाल समुद्रमाथि हामी एकनास गुज्रिरहेथ्यौं । समुद्रमाथि नै बिसाउलाजस्तो गरेर ल्याण्ड गर्‍यो हामी चढेको विमान । बुझ्नु भो ! यो सबै भूभाग पहिले समुद्रले ढाकेको थियो, पछि सबै माटोले पुरेर बनाएको, कपिल थापा बोले । चारैतिर हेरेँ– विशाल समुद्र, माटो कतै देखिएन ।

विकासको चरम सीमा पार गरिसकेको जापानको अबको दुःख भनेको बुढ्यौली अवस्थाको स्याहारसुसार रहेछ । मेसिनझैँ एकोहोरो खटाइमा यहाँका मानिसले जीवनका लय नै बिर्सिएका रहेछन् । कार्यव्यस्तता वा अन्य विविध कारणले गर्दा लोग्ने-स्वास्नीको सम्बन्ध केवल नाम मात्रैमा सीमित रहनु दुर्भाग्य हो । मिलनपछिको सहवासमा कुनै रूचि नहुनुले यहाँको जनसंख्या वृद्धिदरमा असामान्य प्रभाव पारेको रहेछ । यसै प्रसंगलाई जोड्न र सम्बन्धको नयाँ खाका कोर्न पनि हामी जापान गएका थियौँ । स्वास्थ्य क्षेत्रमा संलग्न विद्यार्थीहरूलाई अवसर र प्राप्तिको नयाँ सम्भावनाबारे थाहा दिन हामीलाई निम्तो गरेर बोलाएका थिए । जापानका थुप्रै नर्सिङ कलेजका प्रोफेसरहरु, निर्देशकहरु र विदेशबाट भाग लिन आएका पाहुनाहरूसँगको भेटघाटले सम्बन्धको नौलो साइनो जोडने काम भयो । त्यसबाहेक ठुलठूला निजी अस्पताल, नर्सिङ कलेज र स्कुलसमेत अवलोकन गरेर जापानको उन्नति अनुभव गरियो ।

टोकियोमा तपाईहरूलाई कुन-कुन ठाउँ घुम्न जान














मन छ ? जापानी साथी के. नोमुराले जापानी भाषामा हामीलाई सोधे । हाम्रो पहिलो पटकको जापान भ्रमण भएकोले हाम्रो स्पेशल ठाउँ यही भन्ने केही थिएन । त्यसपछि उनले विश्वकै अग्लो 'स्काइ ट्री', सपिङ मल र आसाकुसाको बुद्ध टेम्पल घुमाउन लैजाने कुरा गरे । हामी हिन्दु धर्मावलम्वी भए पनि बुद्ध धर्मलाई उत्तिकै श्रद्धा र सम्मान गर्ने भएकोले नेपालीहरूलाई  जापानीजहरूले अलि फरक र महत्वका साथ हेर्दा रहेछन् ।

'फुर्सदको एक दिन सौनाबाथ लिन पनि जाने नि है'- मैले अकस्मात् प्रस्ताव राखेँ । उनले हामी सबैलाई लिएर गए- सौनाबाथ गराउन । टिकट काटेर भित्र छिरिसकेपछि थाहा भयो- यहाँको नियम निकै कडा रहेछ । आफ्नो साथ केही पनि लिएर जान नमिल्ने रहेछ । त्यति मात्र होइन सारा निर्वस्त्र हुनु पर्ने रहेछ । मेल र फिमेलको अलग-अलग व्यवस्था रहेछ । सुरुमा हामीलाई निकै अनौठो र अप्ठेरो लाग्यो । टिकट काटिसकेकोले संकोच मानी-मानी हामीले नियम स्वीकार्‍यौँ र बाथको आनन्दमा डुबुल्की मार्‍यौँ ।  पानीमा एक प्रकारको मीठो बास्ना आइरहेको थियो । फरक-फरक चिसो तातो तलाउमा पानीको प्रेसर लिँदै हामी त्यहाँ मज्जाले हरायौँ र के. नोमुराको आग्रहमा भित्र बारमा बसेर बियरको चुस्किको चियर्समा एकछिन रमायौँ ।

हामी टोकियोको महङ्गो होटेलमा बसेको चाल पाएर टोकियोमै होटल व्यवसाय गरी बसेका फूलबारी रेष्टुरेन्टका सञ्चालक यज्ञमणि श्रेष्ठ हामीलाई लिन होटेलमै आइपुगे । उनले हामीलाई उनकै अपार्टमेन्टमा लगेर राखे । दैनिक हामी उनको रेष्टुरेन्टको फरक स्वादमा हरायौँ । निम्तो मान्दा मान्दा हत्तुहैरान हामी अरूणा श्रेष्ठ र हरि घिमिरेको विशेष आतिथ्यमा नेपाली खानाको स्वाद जिब्रोमा टाँसेर ओसाकातर्फ लम्कियौँ ।

हाम्रो चाहना अनुसार जेडिएट्रिक होम (जेष्ठ नागरिक भवन) हेर्न गइयो । पाँचतारे होटल भन्दा कम सुविधा नभएको यो होम हाम्रो लागि एउटा मीठो सपना जस्तै लाग्यो तर पनि केही आइडिया बटुलेर हामी लाग्यौँ- प्राचीन ऐतिहासिक शहर क्योटोतर्फ । सुनै सुनको दरबारजस्तो यहाँको गोल्डेन टेम्पल क्योटो शहरकै सान बनेको रहेछ । थुप्रै पर्यटकको भीडभाडबीच हामीले पनि अवलोकन गर्ने मौका पायौँ । वरिपरिको प्यागोडा शैलीको भवनहरूले मनलाई एकोहोरो तानिरहेको थियो ।

जहाँ भए पनि यो मन त नेपाली हो भनेझैँ नेपाली रेष्टुरेण्टहरूमा भेटिएका नेपाली कलाकारहरूका उत्कृष्ट कला प्रस्तुति र नेपाली लयको बाँसुरी धुनले दश दिन जापान रहँदा पनि हामीलाई नेपालको सम्झना गराइरह्यो । शिष्ट शैली, असल व्यवहार र सदा झुकेर गरिने जापानिज संस्कारको बयान म यहाँ शब्दमा गर्न सक्दिनँ । सुनेको थिएँ, प्रत्यक्ष देख्दा म नौलोजस्तै भएर फर्किएँ । घुमेका अन्य देशहरु दोहोर्‍याउने मन नभए पनि जापानले बेग्लै मोहनी लगाएको छ । एक पटकको घुमाइले मात्र जापानको धित मर्लाजस्तो छैन । बाँकी जो-समयको मर्जी ... !

सायोनारा ! (बाइबाइ), माता आइमास्यो !! (फेरि भेटौंला)






# चिनियाँ युवतीको नेपाली प्रेम



काठमाडौंको पर्यटकीय क्षेत्र ठमेलमा 'फुच्या' नामक एउटा होटल छ । होटलमा खुला दिलकी चिनियाँ मालिक्नी र कोमल मनका नेपाली मालिकले लगानी गरेका छन् । चिनियाँ र नेपालीले संयुक्त रूपमा चलाएका होटलहरूमध्ये यो होटलले ग्राहकको बढी माया र सद्भाव पाएको छ । होटलले दुई देशबीचको व्यापारिक लगानीसँगै मायाको गाँठो कसेर एउटै परिवार पनि बनाएको छ । त्यसकारण यो होटल चिनियाँ पर्यटकबीच निकै लोकप्रिय छ ।

यो होटलकी मालिक्नी लालाले नेपालसँगको सम्बन्ध र आफ्नो वैवाहिक जीवन मध्यरातबाट सुरू भएको स्मरण गरिन् । 'पहिला चीनमा बसेर वैदेशिक व्यापार गर्दा म सधैं ढिलो सुत्थें । एक मध्यरातमा मैले नेपालसम्बन्धी समाजसेवाको एउटा विज्ञापन इन्टरनेटमा देखें । इन्टरनेटमा राखिएको भिडियोमा नेपाली बालबालिका र सर्वसाधारणको गरिबी जीवन उल्लेख हुनुका साथै यदि तपाईं समाजिक





सेवामा उत्साही हुनुहुन्छ भने नेपालमा आउनुहोस् भन्ने विषय पनि थियो । त्यसपछि मैले आउने सेकेन्ड साहसिक हुने शीर्षकको लेख पनि पढें । त्यसैले सन् २००८ को अन्त्यमा मैले साथीसँग नेपालको यात्रा गर्ने योजना बनाएँ', लालाले विगत सम्झिइन् ।

त्यसबेला उनलाई नेपालको बारेमा खासै जानकारी थिएन । त्यो यात्राले लालाको जीवनमा परिवर्तन गरेर उनको जीवनलाई नेपालसँग घनिष्ट रूपमा जोड्नेछ भन्ने उनले कल्पना पनि गरेकी थिइनन् ।

'इन्टरनेटमा राखिएको उक्त लेख मेरा श्रीमान् बाबुको होटलमा बसेर पुस्तक लेखकले सिर्जना गरेका रहेछन् । लेखमा उनले नेपालको यात्राबारे उल्लेख गर्नुका साथै बाबु निकै राम्रो मान्छे भएको विषय पनि समावेश थियो । त्यसबेला मलाई यात्रासम्बन्धी लेख मन पर्दैनथ्यो । तर मेरा श्रीमान्को फोटो हेरेर त्यो लेख दोहोऱ्याएर पढ्न मन लाग्यो । यो कस्तो भाग्य हो', लालाले हाँस्दै भनिन् ।

त्यसपछि लालाले नेपाल भ्रमणमा जानुअगाडि टेलिफोनद्वारा बाबुको होटल बुक गरिन् । तर विमान ढिलो भएको हुनाले ट्याक्सी चालकले लाला र उनकी साथीलाई अर्कै होटलमा पुऱ्यायो । अर्को दिन लालाले बाबुको होटलमा गएर अघिल्लो साँझ आउन नसकेको कारण बताइन् । त्यसको अर्को दिन नयाँ वर्षको पहिलो दिन थियो । त्यसैले लालाले बाबु र नेपालमा भेटेका अरू साथीलाई नयाँ वर्ष मनाउने समारोहमा संलग्न हुनका लागि निमन्त्रणा गरे ।

'त्यसै गरी हाम्रो कथा सुरू भयो', लालाले अलि लजाउँदै आफ्नो प्रेमिल जीवन पनि सम्झिइन् ।

चिनियाँ परिवारमा लाला कान्छी छोरी हुन् । उनले अरू प्रान्तमा विश्वविद्यालय पढेर क्वाङ् चौ शहरमा राम्ररी वैदेशिक व्यापार गरिन् । हरेक साथीले उनलाई स्वतन्त्र, हिम्मत भएकी चलाख केटी भन्दै प्रशंसा गर्दथे । एउटी सुन्दरी तथा सफल चिनियाँ केटीले नेपाली केटासँग विवाह गरेको कुरा धेरै चिनियाँले विश्वास गर्दैनथे र त्यसको भित्री रहस्य पनि बुझ्दैनथे ।

आफ्नो मायामा धेरै प्रतिरोध आएको कुरा लालाले यसरी व्यक्त गरिन्- 'अधिकांश प्रतिरोध साथीहरूबाट भयो । नेपाल गरिब छ । नेपालीसँग विवाह गर्नु भनेको आफ्नो जीवन नै परिवर्तन गर्नु हो भन्ने विचार साथीहरूले व्यक्त गरेका थिए । तर मेरो परिवारले मेरो छनौटलाई सम्मान गऱ्यो । मेरो मनले बाबु ठीक मान्छे हो भन्यो । आफ्नो भित्री आत्माको आवाजलाई विश्वास गर्नुपर्छ । त्यसपछिको जीवनले मेरो छनौट ठीक भएको पुष्टि गर्छ ।'

हाल लाला र उनका श्रीमान् बाबुले नेपालमा बसेर एउटा राम्रो होटलको व्यवसाय गरिरहेका छन् । कहिलेकाहीं उनले सामाजिक सञ्जाल वी-च्याटमा आफ्नो खुसीमय जीवन प्रस्तुत गर्ने गर्छिन् । लालाको विचारमा उनको जीवन अवश्य नै सुखमय छ । 'मसँग मलाई माया गर्ने श्रीमान्, श्रीमान्जस्तै चलाख तथा सुन्दर छोरा र सफल व्यवसाय छन् । भविष्यमा अर्को छोरा जन्माएर अझ सुखमय हुने विश्वास लिएकी छु', लाला भन्छिन् ।

लालाले आफ्नो मायाको कथालाई यसरी मूल्यांकन गरिन्- 'कसैको पनि जीवन दीर्घायु हुँदैन । क्षणिक जीवनमा राम्रो लक्ष्य राखेर काम गरेमा पछि वृद्ध भएपछि दुःख मान्नु पर्दैन । श्रीमान्सँग भेट्दा म २७ वर्षकी थिएँ । त्यस बेला स्थिर जीवन खोज्दै थिएँ । त्यो उखानजस्तै मैले ठीक समयमै ठीक मान्छे भेटेकी हुँ । यसमा म पूर्ण सन्तुष्ट छु ।'

अहिले यो दम्पतीले नयाँ होटलको सजावट गर्दै छ । भविष्यमा यो परिवारको जीवन झन् झन् सुन्दर र मीठो हुने अनुमान गर्न सकिन्छ । लालाको कथा सुन्दा चिनियाँ र नेपालीको मनैदेखिको प्रेम र भावनाबीचको आदानप्रदानलाई सजिलै बुझ्न सकिन्छ ।

*(साभार : सीआरआई नेपाली सेवा)*

# ता लीमा फुल्दै छन्
# विदेशी सपना

ता ली विश्वविद्यालय चीनको युन नान प्रान्तको एउटा रमणीय पर्यटकीय स्थल अर्थात् ता लीमामा रहेको छ । यो विश्वविद्यालय चीनमा रहेका विश्वविद्यालयहरूमध्ये सबैभन्दा नयाँ हो । सन् २००१ मा स्थापित ता ली प्रतिष्ठान नै विश्वविद्यालयमा परिणत भएको हो । सन् २०१५ को मे १ तारिखका दिन शिक्षा मन्त्रालयको अनुमोदन बमोजिम ता ली प्रतिष्ठानको नाम औपचारिक रूपमा ता ली विश्वविद्यालयमा परिवर्तित भएको छ ।

सन् २००२ देखि ता ली विश्वविद्यालयले विदेशी विद्यार्थीलाई भर्ना लिन थालेको छ । आफ्नो पेसागत तालिम र रमणीय भौगोलिक स्थिति भएकाले बितेका केही वर्षदेखि ता ली विश्वविद्यालयले झन् झन् बढी विदेशी विद्यार्थीलाई आकर्षित गर्दैआएको छ । विदेशी विद्यार्थीहरूमध्ये प्रायःजसो दक्षिण एसिया र दक्षिण-पूर्वी एसियाका रहेका छन् । उनीहरूले चीनसम्बन्धी आ-आफ्नो रूचि र सपना बोकेर सुन्दर ता ली विश्वविद्यालयको छनौट गरेका छन् ।

ता ली विश्वविद्यालय अन्तर्गत चिकित्सा प्रतिष्ठानमा पस्ने बित्तिकै फुलिरहेका रङ्गीचङ्गी फूलहरू जताततै देख्न पाइन्छ । ढकमक्क फुलेका फूलको हरहर बास्नाले यहाँको वातावरणलाई नै सुगन्धित बनाउने गर्छ । भारतका विद्यार्थी दिवान्करकुमार चाकीले सन् २०१३ को नोभेम्बरदेखि यस चिकित्सा प्रतिष्ठानमा पढ्न थालेका छन् । उनको विचारमा ता ली एकदमै रमणीय ठाउँ हो । यहाँको प्राकृतिक दृश्य ज्यादै सुन्दर छ । ता ली विश्वविद्यालयको छनौट गर्नु उनका लागि जीवनमा कहिल्यै पनि पछुतो नहुने कुरा हो । उनी भन्छन्- 'ता ली साँच्चिकै सुन्दर छ । यहाँका प्रत्येक कुनाको आफ्नो विशेषता छ । हरेक मान्छेले यहाँ आनन्दसँग प्राकृतिक जीवनको उपभोग गर्न सक्छन् भन्ने कुरामा म विश्वस्त छु ।'







पाकिस्तानकी विद्यार्थी नायव शौकात ता ली विश्वविद्यालयमा करिब साढे एक वर्ष मात्र बसेकी छिन् । उनी पनि चिकित्सा प्रतिष्ठानमा अध्ययनरत छिन् । उनका एकजना दाइले केही वर्षअगाडि ता ली विश्वविद्यालयमा अध्ययन गरेका थिए । दाइले उनलाई के बताएका थिए भने ता ली विश्वविद्यालय ज्यादै सुन्दर छ, त्यहाँको चिकित्सा शिक्षा विकसित छ र युन नानबाट पाकिस्तानतिर जाने दूरी त्यति टाढा पनि छैन । दाइले त्यसो भनेपछि उनले तुरुन्तै ता ली विश्वविद्यालयको छनौट गरेकी थिइन् । उनले बाल्यकालदेखि आफ्ना बुबाबाट चीन र पाकिस्तानबीच भाइचारा रहँदै आएको सुनेकी थिइन् । चीन पुगेपछि उनले चिनियाँ जनता साह्रै मिलनसार, मैत्रीपूर्ण र मायालु भएको अनुभव गरिन् । उनी भन्छिन्- 'म विश्वविद्यालयका शिक्षक-शिक्षिका तथा विद्यार्थीहरूसँग खुसीसाथ बसिरहेकी छु । ता ली विश्वविद्यालयमा पढ्ने र जीवन बिताउने क्रममा मैले कुनै पनि अप्ठ्यारो भेटेकी छैन । मलाई यहाँ अध्ययन गर्दा धेरै आनन्द लागेको छ ।'

नेपालका विद्यार्थी शोभितकुमार गुरूङ ता ली विश्वविद्यालयको तेस्रो श्रेणीमा अध्ययनरत छन् । उनका बुबाको विचारमा चिनियाँ चिकित्साको शैक्षिकस्तर निकै उच्च छ । त्यसैगरी बुबाको सुझाव बमोजिम उनले ता ली विश्वविद्यालयको चिकित्सा प्रतिष्ठानको छनौट गरेका छन् । गत अप्रिलमा आफ्नो मातृभूमि नेपालमा विनाशकारी भूकम्प गएपछि तुरून्तै चिनियाँ उद्धारकर्ताहरु नेपाल गएर सहयोग गरेका थिए । शोभितको विचारमा छिमेकी मुलुकले प्राकृतिक प्रकोप भोगेको बेला सक्दो छिटो गरी सहायता दिएको कुराबाट चीनको अन्तर्राष्ट्रिय दायित्वपूर्ण स्वभाव स्पष्टसँग देखिएको छ । त्यसै कारण चीनमा आएर विश्वविद्यालयमा अनुसन्धान गर्नु उनका लागि एकदमै ठीक छनौट हो । उनी भन्छन्- 'म चीनमा पढ्न चाहेका अन्य नेपाली साथीलाई के बताउन चाहन्छु । ता लीलगायत चीनका जुनसुकै ठाउँ जान चाहेमा अवश्य जानुस्, किनकि यहाँ ज्यादै रमणीय ठाउँ छन् । यहाँको बसाइ तथा पढाइका सम्बन्धमा तपाईंले कुनै पनि शंका लिनुपर्दैन ।'

२४ वर्षीय बंगलादेशी विद्यार्थी महमद मामुन सरकार चीनमा बसेको छ वर्ष भइसकेको छ । गत मे महिनामा उनी ता ली विश्वविद्यालयबाट स्नातक भएका छन् । उनका अनुसार चीन सरकारले दक्षिण एसियाका विद्यार्थीहरूलाई छात्रवृत्तिलगायतका शृंखलाबद्ध सहुलियत नीति प्रदान गरेको छ । चीनका अन्य ठूला शहरको दाँजोमा ता ली विश्वविद्यालयमा भर्ना हुने पैसा त्यति महंगो छैन । तैपनि ता ली विश्वविद्यालयको शैक्षिकस्तर धेरै राम्रो छ । यसबाहेक ता ली विश्वविद्यालयको वातावरण ज्यादै रमणीय छ । चीनमा बसेको छ वर्षभित्र उनले चीनको थुप्रै परिवर्तनको अनुभव गरेका छन् । झन् झन् विकसित हुँदै गएको शहर निर्माण र बासिन्दाको झन् झन् सभ्यता हुँदै गएको गुणस्तरले उनलाई गहिरो छाप पारेको छ । ता लीबाहेक उनले पैचिङ्, शाङ्हाई, क्वाङ् चौ, शान तुङ् र छङ् तुको पनि अवलोकन गरेका छन् । उनको विचारमा हरेक शहरको आफ्नो श्रेष्ठता र विशेषता भए तापनि खुलस्तता, सहिष्णुता र आधुनिकीकरण निकै स्पष्ट देखिन्छ ।

ता ली विश्वविद्यालय चीनका चर्चित र गुणस्तरीय विश्वविद्यालयहरूमध्ये एक हो । चीनको वैदेशिक खुलापन गहन भइरहेको सिलसिलामा विश्वका विभिन्न मुलुकका झन् झन् बढी युवायुवतीहरूले अध्ययन गर्न, जीवन बिताउन अथवा आफ्नो सपनालाई साकार तुल्याउनका लागि चीन छानेका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*



# आधुनिकलाई जित्दै प्राचीन चिकित्सा



तिब्बती चिकित्साशास्त्र तिब्बती पुर्खाले युरोपेली तथा एशिययाली विभिन्न परम्परागत चिकित्सा सभ्यता मिलाएर सिर्जना गरेको परम्परागत चिकित्सा प्रणाली हो । यसको इतिहास दुई हजार वर्षभन्दा लामो छ । लामो इतिहास, सम्पूर्ण सैद्धान्तिक प्रणाली, विशेषतायुक्त साँस्कृतिक विचार, प्रशस्त उपचार उपाय यी सबैले तिब्बती चिकित्सालाई विश्व परम्परागत चिकित्सा मूल्यहरूमध्येको एक प्रतिनिधि बनाएको छ ।

छिङ हाइ-तिब्बत पठारको उत्तर-पूर्वमा छिङहाइ प्रान्त पर्दछ । उच्च स्थान भएकोले त्यहाँ उत्तम मूल्यवान औषधिको स्रोत पाइन्छ । त्यहाँ लामो तिब्बती चिकित्सा इतिहास र सर्वसाधारणमा समेत यसको प्रयोगको राम्रो अनुभव रहेको छ ।

तिब्बती चिकित्सा सँस्कृतिको अझ राम्रोसँग संरक्षण तथा पुस्तान्तरण गर्नका लागि सन् २००६ मा चीनले पहिलोपटक राष्ट्रिय अमूर्त साँस्कृतिक सम्पदा सूचीमा तिब्बती चिकित्सालाई समावेश गऱ्यो । संरक्षण र पुस्तान्तरण गर्ने विभिन्न कदम चालेपछि तिब्बती चिकित्साशास्त्रको प्रभाव क्रमशः विश्वव्यापी रूपमा विस्तार हुँदै छ । त्यसको रहस्यमय इतिहास र विकास, मोहक उपचार पद्धति र प्रभावकारीताले सबैलाई आकर्षित गरेको छ ।

सि निङमा पर्ने छिङ हाइ प्रान्त तिब्बती चिकित्सा तथा औषधि अध्ययन केन्द्रमा पुग्दा डाक्टरले रोगीलाई धैर्यपूर्वक सोध्दै थिए । बहिरङ्ग सेवा भवन सफा थियो र वरिपरि तिब्बती औषधिको सुगन्ध फैलिरहेको थियो । आइ छो छ्यान चीनको तिब्बती चिकित्सा तथा औषधि सँस्कृति संग्रहालयका प्रमुख, छिङ हाइ प्रान्त तिब्बती अस्पताल र छिङ हाइ विश्वविद्यालयका प्रमुखका साथै चिन ख तिब्बती औषधि कम्पनीका पनि अध्यक्ष हुन् । तिब्बती औषधिको मोहक प्रभावबारे चर्चा गर्दै आइ छो छ्यान भन्छन्- 'तिब्बती चिकित्साबाट मैले फाइदा पाएको छु । अठार वर्षअगाडि मलाई ठूलो आन्द्राको तल्लो भागमा क्यान्सर भएको थियो । त्यतिखेर क्यान्सरको अपरेशन भयो । अपरेशन भएपछि रेडियोथेरापी र केमोथेरापी लिनुपर्ने भए पनि मैले त्यो लिन सकिँन । अस्पताल छोडेपछि मैले तिब्बती औषधि खान थालें । हालसम्म अठार वर्ष भइसक्यो । मलाई पहिला क्यान्सर लागेकोबारे तपाईंले हेरेर थाहा पाउन सक्नुहुन्छ त ? म एक शास्त्रीय उदाहरण हुँ । साथै मजस्ता उदाहरण अरू पनि धेरै छन् ।'

छिङ हाइ प्रान्तीय तिब्बती अस्पतालका उपप्रमुख त्वान चले जानकारी दिएअनुसार तिब्बती अस्पतालमा आएका रोगीमध्ये स्थानीय तिब्बती सर्वसाधारण मात्र होइन, अरू प्रान्तका मानिस र विदेशी पनि रहेका छन् । त्वान चले भने- 'यहाँ आएका साठी प्रतिशत तिब्बती जाति र मंगोलियाली जातिका मानिस हुन् । त्यसैले अरू जातिका चालीस प्रतिशत पुगेको छ । जस्तै ह्वी जाति र हान जातिका मानिसहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ । अरू प्रान्तबाट धेरै आएका छन् । यहाँको एउटा विशेषता भनेको कहिलेकाहीं धेरै विदेशी आउने हो । आधुनिक पद्धतिको उपचार गर्न गाह्रो लागेकाले उनीहरु आएका हुन् । यसबाहेक वरिपरिका अरू अस्पतालबाट सारिएका रोगी पनि छन् । पश्चिमी चिकित्सा






पद्धतिले उपचार गर्न नसक्ने क्यान्सर रोगी अन्तमा हाम्रो तिब्बती अस्पताल आएका छन् ।'

उत्तम प्रभाव भएकाले तिब्बती औषधिले बढी ध्यान ताने पनि केही वर्षयता तिब्बती चिकित्सा तथा औषधिको संरक्षण र विकास हुँदा पनि धेरै समस्या देखा परेको छ । केही तिब्बती औषधि बनाउने विशेष तरिका र मूल्यवान पुस्तक हराएका छन् । तिब्बती चिकित्सा तथा औषधि संस्कृतिको संरक्षण तथा विकास गर्नका लागि तीस वर्षयता छिङ हाइ प्रान्तीय तिब्बती अस्पतालको साहित्य अनुसन्धान कार्यालयले पुराना पुस्तक मिलाउन प्रयास गरिरहेको छ । हाल एक सय तीन वटा तिब्बती औषधि शास्त्रीय पुस्तकहरूको प्रकाशन कार्य भइसक्यो । विशेष गरी एक हजारभन्दा बढी मानिसले मिलेर बीस वर्षभन्दा बढी समयसम्म मिलाएको जम्मा छ करोड अक्षर भएको तिब्बती चिकित्सा शब्दकोश प्रकाशन हुन सक्नुलाई तिब्बती चिकित्सा इतिहासको कोसेढुङ्गा मानिएको छ । आइ छो छ्यानले जानकारी दिँदै भने-'तीस वर्षभन्दा बढी समयदेखि हामीले तिब्बती चिकित्सासम्बन्धी पुस्तक मिलाउने र प्रकाशन गर्ने काम गरिरहेका छौं । हालसम्म दुई हजारभन्दा बढी पुस्तक मिलाइएको छ । अहिले हरेक वर्ष हामीले अध्ययन टोली लिएर लोक क्षेत्र, गुम्बा आदि क्षेत्र पुगेर सम्बन्धित पुस्तकको संकलन गरेका र मिलाएका छौं ।'

छिङ हाइ प्रान्तीय तिब्बती चिकित्सा अध्ययन केन्द्रका कागतपत्र कार्यालयका प्रमुख चा पाका अनुसार, केही वर्षयता देशले तिब्बती चिकित्सा तथा औषधिको कागतपत्र मिलाउनका लागि झनै बढी ध्यान दिएको छ र अझ बढी लगानी गरेको छ ।

उच्च हिमाली क्षेत्रमा पाइने दुर्लभ औषधिको उचित रूपमा संरक्षण तथा उत्पादन गर्नु अहिलेको प्रमुख चुनौती भएको छ । त्यसको लागि छिङ हाइ तिब्बती अस्पतालका उपप्रमुख त्वान चले आफ्नो प्रस्ताव प्रस्तुत गरे- 'औषधि उत्पादकलाई तालिम दिएर, कुनै दृष्टिकोणबाट हेर्दा वास्तवमा औषधिको राम्रोसँग संरक्षण गर्न सकिन्छ । उदाहरणका लागि, केही औषधिको लागि हामीले फल मात्रै प्रयोग गर्छौं तर यदि औषधि उत्पादकलाई तालिम नदिएमा उनीहरूले जरासँगै उखेल्छन् । धेरै चाहिने, उच्च समुद्री सतहमा रहेको लुप्तप्राय प्रजातिका औषधि लगभग एक सयभन्दा बढी किसिमका छन्, त्यसको लागि बढी रकम लगाएर कृत्रिम उत्पादन गर्न लगाउनुपर्छ । लुप्तप्राय नभएकाको भने वैज्ञानिक व्यवस्थापन गरे मात्रै पुग्छ ।'

हाल तिब्बती चिकित्सा संस्कृति लोकप्रिय बनेपछि अझै बढी मानिसले तिब्बती चिकित्साबारे सिक्ने, बुझ्ने, प्रचार-प्रसार गर्ने इच्छा राखेका छन् । छिङ हाइ प्रान्तीय तिब्बती अस्पतालका डाक्टर दौ चौ छाइ राङले हाल तिब्बती चिकित्सा सिक्ने मानिस धेरै भएको र धेरै विदेशीले पनि सिक्न आएको जानकारी दिए ।

छिङ हाइमा अझै बढी मानिसले तिब्बती चिकित्सा शास्त्रको महत्वबारे बुझेका छन् साथै झनै बढी युवाले यो काममा प्रयास गर्न थालेका छन् । भविष्यमा तिब्बती चिकित्साबाट तिब्बती क्षेत्रमा रोगीलाई उपचार गर्ने मात्र नभई विश्वका अझ बढी मानिसलाई फाइदा पुग्नेछ ।

*(साभार : सीआरआई नेपाली सेवा)*




# अमरका जुम्ल्याहा कृति




बहुआयामिक प्रतिभाका धनी साहित्यकार तथा गायक सुरेन्द्र महर्जन 'अमर' एकसाथ फरक विधाका दुई कृति लिएर आएका छन् । उनका दुई कृति आधुनिक गीति संग्रह 'अमर' र उपन्यास 'अनुष्का' असार अन्तिम साता एकसाथ विमोचन गरिएको थियो । २०२९ जेठ १८ गते काठमाडौंको पुतलीसडकमा जन्मिएका महर्जन बाल्यकालदेखि नै साहित्यमा रूचि राख्थे । बहुआयामिक विधामा कलम चलाएर प्रतिभावान व्यक्तित्वका रूपमा परिचित महर्जनका पछिल्ला कृतिहरु आधुनिक गीतिसंग्रह 'अमर' र 'भाग्य' तथा साहित्यिक कृति 'अनुष्का' अहिले बजारमा छन् । मायादेवी डंगोल महर्जन र जुजुभाइ डंगोल महर्जनका छोरा सुरेन्द्रले आईएसम्मको अध्ययन गरेका छन् । विभिन्न समय विभिन्न समस्या र अभावहरूबाट संघर्ष गर्दै अनवरत रूपमा नेपाली साहित्य र सिर्जनामा होमिएका उनी पछिल्लो समयका जल्दाबल्दा गीतकारका साथै गायकका रूपमा पनि परिचित छन् । भाग्य एल्बममा गीत लेखेका महर्जनले पछिल्लो एल्बम 'अमर'मा स्वर समेत दिएका छन् । ६ वटा गीत समावेश एल्बममा उनले ३ वटामा एकल तथा युगलमा स्वर दिएका छन् ।

नेपाली साहित्यका हरेक विधामा कलम चलाइसकेका सुरेन्द्रमा तीक्ष्ण क्षमता मात्र होइन बहुआयामिक प्रतिभा पनि छ । २०४४ सालमा 'आजै थाहा पाएँ' शीर्षकमा नयाँ ज्योति साप्ताहिकमा प्रकाशित भएको कविता उनको पहिलो रचना हो । त्यसपछिका विधामा उनको चित्रकारिता, कविता, कथा, हाइकु, गीतिनाटक लगायत सिर्जना गरेको भेटिन्छ । साहित्य र सिर्जनाको परम्परागत शैलीदेखि आधुनिक अवस्थामा पनि आफूलाई सजिलै समाहित गरेर अब्बल देखाउन सक्ने क्षमताका महर्जनका साहित्यिक विधाहरु विभिन्न रसहरूमा छन् । व्यक्तिगत विचार र भावनादेखि सामाजिक तथा राष्ट्रिय भावमासमेत सिर्जना गर्न सक्ने महर्जनको क्षमता आशुकवि जस्तो छ । कुनै पनि बेला कुनै पनि कुरालाई निकै मीठो साहित्यिक रचना बनाउन सक्ने उनको लेखनको सबैभन्दा बलियो पक्ष हो । प्राय वर्षैपिच्छे कुनै न कुनै कृतिमार्फत श्रोतामाझ छाइरहने महर्जनका दर्जनबढी कृतिहरु प्रकाशित छन् । उनका हालसम्म कलाकौशल प्रदर्शनी (चित्रकारिता, २०५२), भविष्यको सपना (कवितासंग्रह, २०५५), यौवनको रहर (गीतसंग्रह, २०५६), परेलीको पानी (संयुक्त गीतसंग्रह, २०५७), ओइलाएको फूल (हाइकुसंग्रह, २०५८), लुमु मतिना (नेवारी गीतसंग्रह, २०५८), दुनियाँको रीत (गीतसंग्रह, २०५९) नदीको रङ्ग (हाइकुसंग्रह, २०६१), भाग्य (गीतिनाटक, २०६९), भाग्य (गीति एल्बम, २०७०) र अमर (गीति एल्बम, २०७१) लगायत कृतिहरू प्रकाशित छन् । साहित्य र सिर्जनामा अनवरत क्रियाशील महर्जनले आधा दर्जनबढी पुरस्कार र सम्मान समेत ग्रहण गरिसकेका छन् । उनले राष्ट्रिय नारी गीत पुरस्कार (२०५८), लालीगुराँस युवा पुरस्कार (२०५५), सिम्पल सम्मान (२०६८), नेपाल पेरोल साहित्यिक सम्मान (२०६२), वर्ष गीत पुरस्कार उत्कृष्ट (२०७०) र विन्ध्यावासिनी म्युजिक अवार्ड (२०७१) लगायतका सम्मान तथा पुरस्कार पाइसकेका छन् ।

**आकाश खड्का**



# ओरालोमा संगीत बजार

कुनैबेला नेपाली गीतका अडियो तथा सीडी क्यासेट पचासौं हजार विक्री हुने गर्थ्यो । क्यासेट विक्रीबाट आएको रकमबाटै गायक रामकृष्ण ढकालले काठमाडौंमा घर बनाए । गाडी चढे । पप गायक नवीन के भट्टराई गीति एल्बमबाटै मनग्गे आम्दानी गरेर आरामको जिन्दगी बिताउन सक्षम भएका थिए । देउडा गायक नन्दकृष्ण जोशी बझाङबाट काठमाडौंमा आएर क्यासेटकै आम्दानीबाट सुकेधारामा आधा रोपनी घडेरी किनेर घर बनाउन सफल भए ।

जोशी सोही घर हेरेर घरको प्रत्येक इट्टा-इट्टामा क्यासेटको चाङ-चाङ मिलाएर राखेको अनुभव गर्छन् । क्यासेटको विक्रीबाट आएको रकमबाट काठमाडौंमा त्यति राम्रो घर बनाएको भन्दा अहिलेका गायक-गायिकाले अविश्वास गर्ने गरे पनि यथार्थ यही भएको उनी बताउँछन् । पहिला गीत गाएर तथा एल्बम विक्री गरेरै मालामाल बनेका धेरै कलाकार यतिखेर एल्बमको विक्रीमा आएको व्यापक ह्रासबाट अलमलिएका छन् । निराश बनेका छन् ।

एल्बम विक्रीमा व्यापक ह्रास आएछि यो कामबाट धेरैले हात झिकेका छन् । राजदरबार हत्याकाण्डभन्दा पहिला अर्थात २०५८ सालअगाडि नेपाली संगीत बजारमा हप्तामा नै पचासौं एल्बम आउने गरेको र तिनको विक्री राम्रो भएको तत्कालीन मनकामना म्युजिक कम्पनीका प्रोप्राइटर कृष्ण शिवाकोटी बताउँछन् । काठमाडौंमा मात्र क्यासेट तथा सीडीको बजार व्यवस्थापन गर्ने म्युजिक कम्पनीहरु सयौं थिए । कम्पनीहरूबीच व्यापक प्रतिस्पर्धा हुने गरेको सम्झना अडियो भिडियो कम्पनीका तत्कालीन प्रबन्ध निर्देशक रमन सिंह श्रेष्ठ गर्छन् ।

हाल आएर त्यो अवस्था नभएको र एक सय प्रति एल्बम विक्री हुनु नै ठूलो कुरा भएको श्रेष्ठ बताउँछन् । एल्बमको विक्रीमा मन्दी आउनुको पछाडि एकातिर राजदरबार हत्याकाण्डपछि नेपालीहरूमा आएको चरम निराशा तथा नेपाली राजनीतिमा आएको विकृतिले विशेष स्थान लिए पनि गुणस्तरीय सामग्री उत्पादनमा ह्रास आउनु अर्को कारण हो । यसलाई रोक्ने कुनै संयन्त्र नहुँदा भयाभह स्थिति नै सिर्जना भएको साइराम पिक्चर्सका प्रबन्ध निर्देशक शमशेर श्रेष्ठको भनाइ छ ।

प्रविधिको विकाससँगै नेपाली म्युजिक बर्बाद हुनुमा पाइरेसी प्रमुख कारण रहेको बूढासुब्बा म्युजिकका अध्यक्ष कुवेर गिरी बताउँछन् । पाइरेसी रोक्नका लागि सरकारी संयन्त्र बने पनि खासै प्रभावकारी नहुनु र यसबारेमा दह्रो कानुन नभएकोले फितलो बनेको गिरीको बुझाइ छ । म्युजिक बजारमा आएको व्यापार ह्रासले गर्दा धमाधम म्युजिक कम्पनीहरु बन्द भए र कम्पनीका संचालकहरु थेग्नै नसक्ने व्यापार घाटापूर्ति गर्न विदेश पलायन हुने अवस्था पनि आयो ।

मूनलाइट म्युजिक कम्पनी, संझना अडियो, बागिना रेकर्डस् लगायतका धेरै कम्पनीका मालिकहरु विदेश पलायन भए । म्युजिकबाटै जिन्दगीको गुजाराको बाटो बनाएका सुप्रसिद्ध गायक कर्णदास, राम श्रेष्ठ, ओमविक्रम विष्ट, हरिश माथेमा लगायत सयौंले विदेशको बाटो रोजे । स्वदेशमा रहेका कतिपय संगीतकर्मीहरु अन्य व्यवसायमा बाँधिन बाध्य बने । यसले गर्दा रहरले गीत गाउन खोज्नेहरु एल्बम ननिकाली एक-दुईवटा गीत निकालेर त्यसको भिडियो बनाएर युट्युबमा राख्ने र रेडियो तथा एफएममा बजाएर गीत-संगीतको निहित प्यास मेटाउने प्रयास भइरहेको गायिका पुनम पन्त बताउँछिन् ।

पछिल्लो समय चर्चामा आएका गायक-गायिका इन्दिरा घिमिरे, राजेशपायल राई, दीपक लिम्बू, सत्यराज आचार्य, स्वरूपराज आचार्य लगायतले स्टेजका कार्यक्रमबाट मनग्गे आम्दानी गरिरहेका छन् । वर्तमान अवस्थामा एल्बम निकालेर कोही पनि धनी नबनेको यथार्थ कालजयी गीतका गायक सूर्य थुलुङ र प्रकाश श्रेष्ठ लगायतले खोलेका छन् । तीसको दशकमा हिट यी गायकहरूले पनि वर्तमान अवस्थामा एल्बम निकाल्ने सोच राखेका छैनन् । बजारमा एल्बम किनेर सुन्ने जमात नै नभएको अवस्थामा एल्बम निकाल्नु भनेको सिस्नोको झ्याङमा पैसा हुत्याउनु हो भनेर गीतकार गगन विरहीले तीतो पोखे ।

# ROSH

## Beauty Saloon

Relax . Renew . Revive

**For Men and Women**

Gyaneshwor-33 , Kathmandu

Beauty treatments | Hair Cut, Treatment & Styling
Nail Art & Mehandi | Spa & Sona
Cosmetic Instruction & Sell | Skin Care
Facials | Manicures | Pedicures
All beauty Services & Training







**Website: roshbeautysaloon.com | Tel: +977-1-14410280 /+977-9851157553**

# Chase Business Group


House N. 63/19, Gangahity Madhyamarga, Chabahil

Ph: 4497292, Mobile: 9841-814820












# NOBEL
the virtues of education & health

**Nobel Academy** is established by a group of scholars, experts and educationists, with the dedication in the sector of education since 1998 and health service since 2011.

Nobel offers wide spectrum of educational opportunities from Pre-Primary to Bachelors Level in a congenial environment.

Our objective is not only to prepare students to excel in examinations, but also to Cultivate social moral and pragmatic values and responsible in them and build their Confidence to face any challenges in life with fortitude and elegance.

**NOBEL ACADEMY**
Higher Secondary School

New Baneshwor, Kathmandu
Tel: 014781401, 014781515
Fax: 014780927
Email: info@nobel.edu.np
PO Box: 12160
www.nobel.edu.np

School Section: **1-10 Class**

+2 Section: **Science & Management**

**NOBEL COLLEGE**
*Affiliated to Pokhara University*

Sinamangal, Kathmandu
014110525, 014110590
Fax: 014110880
Email: info@nobelcollege.edu.np
PO Box: 10420
www.nobelcollege.edu.np

- Bachelor of Business Administration (BBA)
- Bachelor of Computer Information System (BCIS)
- Bachelor of Health Care Management (BHCM)
- Bachelor of Business Administration in Banking and Insurance (BBA-BI)
- Bachelor of Public Health (BPH)
- Bachelor of Pharmacy (B. Pharm.)
- Generic Bachelor of Science in Nursing (B. Sc. Nursing)
- Bachelor of Science in Medical Laboratory Technology (B. Sc. MLT)
- Bachelor of Science in Medical Microbiology (B. Sc. MM)
- Bachelor of Science in Medical Biochemistry (B. Sc. MB)
- Diploma in Pharmacy (D. Pharm.) (Affiliated to CTEVT)

**NOBEL HOSPITAL**
Sinamangal, Kathmandu

Sinamangal, Kathmandu
014110842, 014110893, 014110894
email: mail@nobelhospital.com
PO Box: 10420
www.nobelhospital.com